का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ जेठ २०८०,
आइतबार
21 May 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २१, अंक ११५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# भ्रष्टाचारविरुद्ध सडकबाट दबाब

पूर्वगृहमन्त्री, बहालवाला सचिव, पूर्वसचिवलगायत गृह प्रशासन तानिएको नक्कली भुटानी शरणार्थी प्रकरणमा सबैतिर आवाज उठेको छ । तर शीर्ष नेताहरूले सके सामसुम पार्ने, नसके थप फाइल अगाडि नबढाउने निर्णय हुने हो कि भन्ने आशंका सर्वत्र बढेर गएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ जेठ ।

शनिबार काठमाडौंमा अखिल नेपाल ट्रेड युनियन महासंघले आयोजना गरेको कार्यक्रमलाई सहभागी वक्ताहरूले नक्कली भुटानी शरणार्थी प्रकरणपछि मुलुक भ्रष्टाचारविरुद्ध एकतावद्ध भएको बताए। तर यसबेला राजनीतिक दलका शीर्ष नेताहरुबाट यो विषयलाई सके छामछुम पार्ने नसके थप फाइल अगाडि नबढाउनेतिर केन्द्रित हुन सक्ने भनी खबरदारी गर्न आवश्यक रहेकोमा जोड दिए ।

सरोकारवालाहरूको आशंका समेत सुनेपछि कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्तापक्ष र प्रमुख प्रतिपक्षका नेताहरू छलफलमा बस्दा भ्रष्टाचारविरुद्धको अभियानलाई कमजोर बनाउने हो कि भन्ने आशंका उत्पन्न भए पनि त्यस्तो आशंका गर्नुपर्ने अवस्था नरहेको बताए ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषी कोही पनि नछुट्ने र निर्दोष कोही पनि नपर्ने गरी अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएको उनले बताए ।

प्रधानमन्त्री प्रचण्डले सरकारको नीति



तथा कार्यक्रममा तल्लो वर्ग, उत्पादन, रोजगारी सिर्जनालगायत विषयलाई प्राथमिकतामा राखेको दाबी गरे ।

पूर्वगृहमन्त्री, बहालवाला सचिव, पूर्वसचिवलगायत गृह प्रशासन नै तानिएको यो प्रकरणको समर्थनमा संसद र सडक सबैतिर आवाज उठेको छ ।

यही बेला राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने तथा सांसदहरुको समूहले उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई मन्त्रालयमै गएर भेट गरेको छ ।

संसद्मा भ्रष्टाचारविरुद्ध संकल्प प्रस्ताव दर्ता गर्नुअघि उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठलाई त्यसबारे जानकारी दिन रास्वपा अध्यक्ष तथा संसदीय दलका नेता लामिछाने सहित सबै सांसदहरू गृह मन्त्रालय पुगेका हुन् । भेटमा उपप्रधानमन्त्री तथा गृहमन्त्री श्रेष्ठले भ्रष्टाचारविरुद्ध चालेको कदमको लामिछानेले प्रशंसा गर्दै नडगमगाई अघि बढ्न सुझाव समेत दिएका थिए। जवाफमा गृहमन्त्री श्रेष्ठले सरकारले नीति तथा कार्यक्रममै समेटेर विगतका अनियमितताको फाइल खोल्ने तयारी सरकारको रहेको बताएका छन । सरकारले ल्याएको नीति तथा कार्यक्रममा

>>> पृष्ठ २ मा

“



प्रधानमन्त्रीज्यूले दुई कार्यकालबाट थप सिकेर तेस्रो कार्यकालमा परिपक्वताका साथ, एकदमै बढी सुजबुझका साथ र स्टेप लिइसकेपछि पछाडि नर्फकने गरेर सुशासनका लागि कामहरु शुरुवात गर्नुभएको छ ।

**रेखा शर्मा**
**प्रवक्ता, नेपाल सरकार**

## वैदेशिक रोजगार विशेष

### अनधिकृत विज्ञापन गर्दै पोल्याण्डको धन्दा

# तीन नेपाली म्यानपावरसहित दुई विदेशी कारबाहीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ जेठ

सामाजिक सञ्जालमा गैरकानूनी विज्ञापन प्रकाशित गरी पोल्याणड लैजान कामदार छनोटका लागि अनधिकृत अन्तर्वार्ता गरेको अभियोगमा वैदेशिक रोजगार विभागले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पोल्याण्डका नागरिक एलेग फेडोसिक र दुबईका न्याट फियागोसिक रहेका छन् । नागपोखरीस्थित मेरियट होटलमा पोल्याण्डको रोजगारीमा पठाउने भन्दै अभिमुखीकरणका नाममा अन्तर्वार्ता गरिएको जानकारी आएपछि विभागका अनुसन्धान अधिकृत धर्म लम्सालगायत प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको विभागका निर्देशक एवम् सूचना अधिकारी गुरूदत्त सुवेदीले जानकारी दिए ।

विभागले उनीहरूको यूएईको जुभेरास्थित नर्थ अमेरिकन भिसा सर्भिसमा संलग्नता देखिएको बताएको छ । वैदेशिक रोजगार ऐनको दफा १५ अनुसार इजाजतपत्र प्राप्त संस्थाले मात्रै विभागबाट पूर्वस्वीकृतिको अनुमति लिएर कामदार छनोटको प्रक्रिया शुरू गर्न पाउने व्यवस्था छ ।

विभागले उनीहरूलाई थुनामा राखेर अनुसन्धान अघि बढाउने बताएको छ । उनीहरूसँगै भेटिएको भन्दै इगल म्यानपावर कन्सलटेन्सीका सञ्चालक कृष्ण ढकालसहित दुई म्यानपावर कम्पनीका सञ्चालकलाई पनि यस विषयको बयानमा उपस्थित हुन पत्र काटेको निर्देशक सुवेदीले जानकारी दिए ।

### चोभारमा प्रगतिशील मञ्चको बृहत् वनभोज

**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले शनिबार राजधानीको चोभारमा बृहत् वनभोज कार्यक्रम सम्पन्न गरेको छ ।

वनभोज कार्यक्रममा वैदेशिक रोजगार बोर्ड, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीहरू, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरू, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनमा आवद्ध व्यवसायीसहित वैदेशिक रोजगार व्यवसायीका विभिन्न जातीय तथा भेगीय घटक संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो ।

मञ्चका अध्यक्ष जनक रावलले स्वागत मन्तव्य राख्दै मञ्च दल निकट संगठन भएपनि व्यवसायीबीच आपसी

>>> पृष्ठ २ मा



सहकारीको सम्पत्ति हिनामिना र ठगीबाट सर्वसाधारण पीडित भइरहँदा बचत र ऋण सहकारीको व्यवस्थापन कसरी गर्ने भन्नेमा तीन तहका सरकारले सोच्न सकेका छैनन् । सहकारीको नियमन, व्यवस्थापनमा एकातिर कठोर कानून छैन, अर्कातिर भएका कानूनको कार्यान्वयन पनि फितलो अवस्थामा देखिँदा यो क्षेत्रमा संकट चुलिएको छ। यिनै विषयमा केन्द्रित रहेर सहकारी विभागका उपरजिष्ट्रार **टोलराज उपाध्याय**सँग मध्यान्ह दैनिकका लागि **कान्ति न्यौपाने**ले गरेको कुराकानीको सम्पादित अंशः

अन्तर्वार्ता

# ‘विश्वासको संकट सहकारीको समस्या’

**पछिल्लो समय सहकारीहरु समस्यामा देखिएको छ, कारण के होला ?**

पछिल्लो समय सहकारीको क्षेत्रमा देखिएको संकट विश्वासको हो । सहकारी समुदाय र सदस्य केन्द्रित व्यवसाय हो । यो अवस्था आउनुमा एउटा संस्थाभित्रको सुशासन कमजोर हुँदा संकट देखिएको हो। अर्को भनेको कोरोनाको प्रभाव र आर्थिक मन्दीको कारण यो क्षेत्रले समस्या भोग्नुपरेको देखिन्छ ।

अर्को पाटो भनेको संस्थाको लगानी हो । अहिले हरेक सहकारी तथा संघसंस्थाले अनुत्पादक क्षेत्रमा लगानी गरिरहेको अवस्था छ। घर, सेयर जस्ता क्षेत्रमा लगानी गर्दा र व्यवसाय ठप्प हुँदा पछिल्ला दिनमा असहजता भोग्नुपरेको देखिन्छ । झण्डै ३० हजारको हाराहारीमा रहेको सहकारीको नियमनका ७६१ वटा निकायले गरिरहेको देखिन्छ। यो वित्तिय कारोबार गर्ने संस्थाको नियमन धेरैतिरबाट भएपनि कहीँ क्षमताको ग्याप र कहीँ बुझाईको ग्याप हुँदा सहकारीभित्र विकृति देखिन्छ । संघ, प्रदेश र स्थानीय तहअन्तर्गत रहेका सहकारीको नियमन ३ वटै सरकारले गरिरहेको छ । तरपनि, उपत्यकामा सबै निकास खोज्न आउने हुँदा पीडितका समस्या समाधान र सहकारी क्षेत्रको सुधारको प्रयासमा हामी लागिरहेकै छौं ।

**पछिल्ला दिनमा विभागमा कति र कस्ता प्रकृतिका गुनासा आइरहेका छन् ?**

गुनासा दिनहुँजस्तै आइरहेका छन् । ब्याजको लोभमा परेर लाखौंको लगानी गर्नुभएका लगानीकर्ताहरु रुँदै विभागमा आइरहेको अवस्था छ। तथ्यांक नै हेर्ने हो भने पनि आर्थिक वर्ष २०७९/८० मा सहकारी विभागलाई प्राप्त भएका व्यक्तिगत तथा संस्थागत उजुरीको अवस्था यस्तो देखिन्छ।

जसअनुसार गत साउनमा विभागमा २१९ उजुरी परेको थियो भने भदौमा ५१ वटा उजुरी पर्यो । असोजमा ५५ वटा उजुरी आए भने कार्त्तिकमा ४६ रहेको छ। त्यस्तै, मंसिर र पुसमा क्रमशः ४३ र ३९ वटा उजुरी आए भने माघ र फागुनमा ३७ र ४६ उजुरी देखिए। यस्तै, चैत्रमा सहकारीका विरुद्धमा १३६ वटा उजुरी परेको देखिन्छ भने वैशाखमा ५० वटा उजुरी आएका छन् ।

विभागमा परेको उजुरी मध्ये हालसम्म ७१३ वटा फच्र्यौट भएको छ भने ९ वटा उजुरी फच्र्यौट हुन बाँकी छ। मूलतः देशभरका सहकारीले धेरै ब्याज दिने प्रलोभनमा बचतकर्ताको पैसा लिएपनि नदिई फरार भएको मुद्दा धेरै छन् । कतिपयमा सञ्चालक भेटेपनि पैसा दिन नसक्ने अवस्था हुँदा समस्या भएको देखिन्छ।

**त्यसोभए, अब यो क्षेत्रको सुधारका लागि के-कस्ता प्रयास आवश्यक देखिन्छ ?**

नयाँ संविधान जारी भएपछि सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ बनेका छन् । सहकारी संस्थाको कार्यक्षेत्रका आधारमा तीन तहका सरकारलाई नियमनको अधिकार दिइएको छ। उनीहरूले संस्थाको दर्ता, अनुमति, खारेजी र विघटनसम्मको अधिकार पाएका छन् । सहकारीहरूलाई नियमन र नियन्त्रण गर्ने उपल्लो निकाय सहकारी विभाग छ ।

तर, सहकारीहरूले उद्देश्य र नीति अनुसार काम गरेका छन् या छैनन् भनेर गरिने अनुगमन र नियमन अलि चुस्त बनाउनु आवश्यक छ । स्वनियन्त्रण र लोकतान्त्रिक विधिबाट मात्रै सञ्चालन हुँदा समस्या देखिएकाले अब अलिकति नियन्त्रणमा पनि जानुपर्ने देखिन्छ । जसले राज्यको अर्थतन्त्र र वित्त प्रणालीमै पनि असर पारेको देखिन्छ। अहिले सहकारी बैंक जत्तिकै ठूला र पूँजी पनि भएका छन् । तसर्थ, सरकारले त्यो विषयमा पनि केही गृहकार्य गरिरहेकै छ। शहरबजारमा एउटै पसलमा २०/३० वटासम्म सहकारीका बचत पासबूक देखिन्छन् ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर



ARABI COMPANY W.L.L.

कम्पनी : ARABI COMPANY W.L.L. शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१७०२ LT. No.: 286351

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technician | 20 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५५,८१० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Acoustic & Fit Out System Sales Engineer | 5 | 0 | | 300 | १२८,७९३ | | | | | | | |
| 3. | Electrical Draftsman | 20 | 0 | | 150 | ६४,३९७ | | | | | | | |
| 4. | Electrical Supervisor | 20 | 0 | | 200 | ८५,८६२ | | | | | | | |
| 5. | Electrician | 20 | 0 | | 120 | ५१,५१७ | | | | | | | |
| 6. | Elv Draftsman | 20 | 0 | | 150 | ६४,३९७ | | | | | | | |
| 7. | Fabricator | 20 | 0 | | 140 | ६०,१०३ | | | | | | | |
| 8. | Fire Extinguisher Technician | 20 | 0 | | 130 | ५५,८१० | | | | | | | |
| 9. | High Rise Window Cleaning Technician | 40 | 0 | | 140 | ६०,१०३ | | | | | | | |
| 10. | Hvac Draftsman | 20 | 0 | | 150 | ६४,३९७ | | | | | | | |
| 11. | Hvac Technician | 20 | 0 | | 150 | ६४,३९७ | | | | | | | |
| 12. | Landscapping Workers | 300 | 0 | | 85 | ३६,४९१ | | | | | | | |
| 13. | Mechanical Site Engineer-bmu | 5 | 0 | | 300 | १२८,७९३ | | | | | | | |
| 14. | Mechanical Supervisor | 20 | 0 | | 200 | ८५,८६२ | | | | | | | |
| 15. | Pipe Fitter | 20 | 0 | | 120 | ५१,५१७ | | | | | | | |
| 16. | Pl & Ff Drafsman | 20 | 0 | | 140 | ६०,१०३ | | | | | | | |
| 17. | Plumber | 20 | 0 | | 120 | ५१,५१७ | | | | | | | |
| 18. | Pumps Mechanics | 20 | 0 | | 120 | ५१,५१७ | | | | | | | |
| 19. | Rigger | 20 | 0 | | 110 | ४७,२२४ | | | | | | | |
| 20. | Sewage Water Treatment Plants Operator | 15 | 0 | | 150 | ६४,३९७ | | | | | | | |
| 21. | Submersible Sewage Water Pump Technician | 25 | 0 | | 130 | ५५,८१० | | | | | | | |
| 22. | Supervisor Ducting | 20 | 0 | | 200 | ८५,८६२ | | | | | | | |
| 23. | Supervisor Hvac | 20 | 0 | | 200 | ८५,८६२ | | | | | | | |
| 24. | Swimming Pool Technician | 15 | 0 | | 160 | ६८,६९० | | | | | | | |
| 25. | Tea Boy | 15 | 0 | | 85 | ३६,४९१ | | | | | | | |
| 26. | Welder | 20 | 0 | | 120 | ५१,५१७ | | | | | | | |

प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ १३ गते (27 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677, 9810166668
Email: manakamanamfec1@gmail.com
Licence No. 753/064/065

# हिल्सा नाका खुलेसँगै ताक्लामा बढ्यो बेरोजगारी समस्या

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ६ जेठ

हुम्लाका स्थानीयको रोजगारीको केन्द्र बनेको चीनको ताक्लामा पछिल्लो समय बरोजगारीको संख्या बढ्न थालेको छ ।

चीनसँग जोडिएको नाका हिल्सा खुला भएसँगै हुम्ली बासिन्दा रोजगारीका लागि ताक्ला जाने क्रम बढेको छ। अहिले ताक्लामा काम नपाए नेपाल फर्किने हुम्लीको संख्या बढ्दो छ ।

करिब तीन वर्षको अन्तरालमा नाका खुलेपछि हुम्लाबाट करिब दुई हजार जना काम र व्यवसायको खोजीमा ताक्ला पुगेका छन् । उक्त स्थानमा काम नपाएर गाउँ फर्किन बाध्य भएको सिमकोट ७ डाडाँफयाका स्थानीय धनवीर सुनारले बताए ।



नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेम लामाले गत वैशाख १८ गतेबाट खुलेको हिल्सा नाकाबाट चीनको ताक्लाकोट जान हिँडेका कतिपय हिल्साबाटै फर्किएका बताए।

हिल्ला नाका खोलेसँगै आर्थिक रुपमा केहि परिवर्तन हुने हुम्ली नागरिकको आशा थियो। तर अहिले उनीहरुको आशा आशामै सिमित भएको छ। शनिबार मात्र हुम्लाका २५ जनाको टोली चीनबाट फर्किएको छ।

चीनको ताक्लाकोटबाट फर्किएका बृर्ख कार्कीले ताक्लाकोट पुगेका धेरै नेपालीले काम नपाएको गुनासो गरे । कार्कीले गाउँबाट लगेको पैसा सकिएपछि खान बस्न समस्या भएर नेपाल फर्किएको बताए ।

खानाको प्रति छाक नेपाली ८ सय रुपैयाँ पर्ने भएकाले पनि काम र व्यवसाय नभएपछि गाउँ फर्किएको अर्का बलजित कार्कीले बताए ।

ताक्लाकोटबाट नेपालमा कुनै पनि सामान ल्याउन पाइँदैन। मंगल कार्कीले गाउँ फर्किंदा खाली हात फर्किनु परेको गुनासो गरे। तर नेपालको सामान भने ताक्लाकोट पुग्ने गर्दछ। छिङ्ग लामाले व्यवसाय गर्न पनि कोठा पाउन समस्या हुने गरेको बताइन् ।

# डोल्पामा भिरबाट लडेर एक जनाको मृत्यु

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, ६ जेठ

हिमाली जिल्ला डोल्पामा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ। उदयपुर घर भएका ३२ वर्षीय समीर राईको भिरबाट लडेर मृत्यु भएको हो । शुक्रबार ठुली भेरी नगरपालिका वडा नं. ४ तिप्लाबाट सदरमुकाम दुनै आउँदै गर्दा भिरबाट लडेर राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ। राई कामको सिलसिलामा आफ्नो साथीहरुसँग केहि महिना अगाडि डोल्पा पुगेका थिए ।

शुक्रबारसम्म सम्पर्कमा नआएपछि उनीसँगै काम गर्ने साथीहरुले खोज्दै जाँदा ठुली भेरी नगरपालिकाको वडा नं ३ स्थित सडक खण्डको भिरबाट लडेको अवस्था फेला पारेको थियो। घटनाको जिल्ला प्रहरी कार्यालयमा जानकारी आएसँगै प्रहरी सहायक निरीक्षक शैलेन्द्र रसाइलीको कमाण्डमा ७ जनाको टोली घटनास्थल पुगेको थियो। शवलाई जिल्ला अस्पताल डोल्पामा राखिएको छ। मृतकको आफन्तहरुसँग सम्पर्क गर्ने प्रयास भइरहेको र घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायब उपरीक्षक शिव बुढाथोकीले बताए ।

यसैबीच उपल्लो डोल्पाको छार्कातांङ्सोङ्ग गाउँपालिका वडा नं.२ ताल भन्ने स्थानमा अन्दाजी ४० वर्षीय पुरुषको शव फेला परेको छ ।

शवको पहिचान खुल्न नसकेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घटनाको जानकारी आएसँगै प्रहरी पोष्ट कागकोटबाट प्रहरी वरिष्ठ हवल्दार चम्मन कुमार ऐरीको कमाण्डमा प्रहरी टोली घटनास्थलतर्फ गएको छ । कागकोटबाट घटनास्थल पुग्न दुई दिन लाग्ने भएकाले थप विवरण आउन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ ।

# १ सय ४ बालबालिकालाई छात्रवृत्ति प्रदान

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ६ जेठ

रुकुम पश्चिमको बाफिकोट गाउँपालिका वडा नम्बर ४ मा रहेको आमाबुवा स्मृति प्रतिष्ठानले गाउँपालिकाभित्र अध्ययनरत विद्यार्थीलाई तेस्रोपटक छात्रवृत्ति प्रदान गरेको छ। शुक्रबार ४४ वटा सामुदायिक विद्यालयका १ सय ४ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको प्रतिष्ठानले जनाएको छ ।

आमाबुवा स्मृति प्रतिष्ठान छात्रवृत्ति अक्षय कोषका अध्यक्ष चन्द्रबहादुर केसीका अनुसार छात्रवृत्ति वितरण कार्यक्रममार्फत तीन लाख ५० हजार बराबरको शैक्षिक



सामग्री वितरण गरिएको छ । केसीका अनुसार ५० जना छात्र र ५४ जना छात्रालाई छात्रवृत्ति प्रदान गरिएको छ ।

जसअन्तर्गत १४ जना जेहेन्दार, ३२ जना टुहुरा, १२ जना शहीद परिवार र ४६ जना विपन्न परिवारका विद्यार्थीलाई छात्रवृत्ति हस्तान्तरण गरिएको छ । अक्षय कोषमा जम्मा भएको ३३ लाख ४ हजार १५ रकम मध्येको वार्षिक ब्याजबाट विद्यार्थीलाई झोला, कापी, कलमलगायत शैक्षिक सामग्री प्रदान गरिएको बताइएको छ ।

२०७६ सालमा स्थापना भएको आमाबुवा प्रतिष्ठानले २०७७ सालदेखि गाउँपालिकाका सबै सामुदायिक विद्यालयका केही विद्यार्थीलाई छात्रवृत्ति हस्तान्तरण गर्दै आएको छ । आर्थिकरुपमा विपन्न, शहीद परिवार, टुहुरा, शारीरिकरुपमा अशक्त र जेहेन्दार विद्यार्थीलाई मात्रै प्रतिष्ठानले हरेक वर्ष प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गर्दै आएको बताएको छ ।

गाउँपालिकाभित्र जन्मिएर हाल देश तथा विदेशमा रहेका गाउँवासीको आर्थिक सहयोगमा प्रतिष्ठान सञ्चालन गरिएको छ। आमाबुवाको सम्झनामा अक्षय कोषमा जम्मा हुँदै आएको रकमले हरेक वर्ष विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन सहज भएको प्रतिष्ठानले बताएको छ ।

चन्द्रबहादुर केसी बाफिकोट गाउँपालिका वडा नम्बर ३ को पूर्व वडा अध्यक्ष हुन् । वडा अध्यक्ष भएको बेला केसीले स्वर्गीय आमा मंगली खत्री र बुवा जोखु खत्रीको सम्झनामा अक्षय कोष स्थापना गरेका हुन् । अक्षकोषको स्वामित्व वीरेन्द्र मावी बाफिकोटलाई दिइएको छ ।

## भ्रष्टाचारविरुद्ध...

भ्रष्टाचारविरुद्धको अभियानलाई अझ सघन बनाएर राज्यका सबै तह र संरचनामा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई थप कडाइका साथ कार्यान्वयन गर्ने उल्लेख छ । अनियमितता, भ्रष्टाचार, करछली, कृत्रिम अभाव, कालोबजारी, व्यावसायिक एकाधिकारलगायतका सुशासनविरोधी क्रियाकलापमा जनताका गुनासोलाई तत्काल र प्रभावकारीरूपमा सम्बोधन गर्न प्रधानमन्त्रीको प्रत्यक्ष सुपरीवेक्षणमा रहेको राष्ट्रिय सतर्कता केन्द्रलाई आवश्यक जनशक्ति र प्रविधि उपलब्ध गराई क्रियाशील तुल्याउने घोषणा गरिएको छ। नीति तथा कार्यक्रममा उच्चपदस्थ लगायत जोकोहीले गैरकानूनीरूपमा आर्जन गरेको सम्पत्तिलाई छानबिनको दायरासमेतमा ल्याइने समेत उल्लेख छ ।

शनिवार राजधानीमै भएको प्रेस सेन्टर नेपाल प्रतिष्ठान प्रदेश समितिको साधारण सभामा बोल्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सुशासनका लागि सरकार दृढ रहेको बताइन् ।

‘प्रधानमन्त्रीज्यूले दुई कार्यकालबाट थप सिकेर, बीचको कार्यकाल त त्यस्तैत्यस्तै भयो । पहिलो कार्यकाल सिक्ने क्रममा नै थियौं । यो तेस्रो कार्यकाल बढी परिपक्वताका साथ, एकदमै बढी सुझबुझका साथ र स्टेप लिइसकेपछि पछाडि नर्फकने गरेर जसरी कामहरु सुरुवात भएका छन्’ उनले भनिन् ।

माओवादी केन्द्रबाट मन्त्री भएकाहरुले राम्रो काम गरेको र त्यति धेरै बदनाम नभएको पनि उनको भनाइ छ ।

उनले भनेकी छन्, ‘हिजो केपी ओलीले नेतृत्व गर्दा होस्, शेरबहादुर देउवाले नेतृत्व गर्दाहोस्, जसले नेतृत्व गर्दा होस् माओवादी मन्त्रीहरु त्यतिधेरै बदनाम छैनन् । राम्रो परिणाम हामीले कति निकाल्न सक्यौं त्यो एउटा कुरा होला । तर बदमासी गरेको भन्ने कुरा अरुका तुलनामा छैनन् ।’

## चोभारमा...

एकता तथा भाइचाराको सम्बन्ध र भावना बलियो बनाउने उद्देश्यले सबैलाई समेटेर वनभोज कार्यक्रम राखिएको जानकारी दिए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले व्यवसायीहरूलाई एकआपसमा भेटघाट, विचार तथा अनुभव आदानप्रदान गर्न वनभोज कार्यक्रम आयोजना गरेर मञ्चले उदाहरणीय काम गरेको बताए । संघका महासचिव मेघनाथ भुर्तेलले मञ्चभन्दा बाहिर रहेका व्यवसायी र अन्य संस्थाका प्रतिनिधि समेटेर वनभोजको आयोजना गरेकोमा मञ्चलाई धन्यवाद दिंदै वनभोजजस्ता कार्यक्रमले व्यवसायीलाई तनावमुक्त भई रचनात्मक एवम् सिर्जनात्मक कार्यमा अग्रसर हुन प्रेरणा मिल्ने भएकाले वैदेशिक रोजगार क्षेत्रका अन्य संस्थाहरूलाई पनि यस प्रकारका रचनात्मक काममा अग्रसर हुन आग्रह गरे ।

मञ्चका महासचिव मिलन कट्टेलले सञ्चालन गरेको कार्यक्रममा वरिष्ठ दोहोरी गायक राजु परियार, आशा बिसी, हरि डाँगी, बादल थापामगर र हास्य कलाकार राजाराजेन्द्र पोखरेलले गीत तथा सांगीतिक प्रस्तुति तथा प्रहशन राखेका थिए। कार्यक्रमका संयोजक मदन पौडेलले दुई सयको हाराहारीमा व्यवसायी वनभोजमा सहभागी भएको जानकारी दिए ।

# SHIVASATAKSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
### KOSHI PROVINCE, JHAPA

**Invitation for online Bids**

**Date of Publication : 2080/02/07 (21-May-2023)**
**Date of Bid Submission: 2080/03/05 (20-June-2023)**

1. Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID NO | Name of Procurement | Bid Security NRs | Document Fee NRs. |
|---|---|---|---|
| 20/SM/NCB/Goods/2079/080 | Supply and Delivery of Sanitary Pad | 70,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be download from the PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch**
   **Name of Office : Shivasatakshi Municipality**
   **Office Account no. : 29601400000017**
   Pre-bid meeting shall not be conducted
4. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 2080/03/05 (20-June-2023) Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 2080/03/05 (20-June-2023) at the office of Shivasatakshi Municipality, province No. 1, Jhapa. Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security amount as stated above deposited at Dharauti account No. 29601400000048 on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch or bid bond authorized from a recognized "A" class commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scanned copy of the bid security in .pdf format, amounting to a minimum as mentioned above shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
8. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
9. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**CHIEF ADMINISTRATIVE OFFICER**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **DIMA ABDULAZIZ A CARNIVOROUS FAST FOOD RESTAURANT** शहर: Saudi Arabia, buraidah
पुर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१७३१ L.T. No.: 286322

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **FLAVOUR MAKERS CORPORATION FOR SWEETS** शहर: Saudi Arabia, riyadh
पुर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१७३० L.T. No.: 286323

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing And Wrapping Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ १४ गते (27 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## BAHRAIN मा रोजगार

कम्पनी: **BYLEILA SKINCARE & HAIR SPA** शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०८०/०२/०४ चलानी नं.: ६०२०१७३२ LT. No.:286215

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | स. काममा दक्ष | 150 | ५२,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **BASE BEAUTY STUDIO** शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०८०/०२/०४ चलानी नं.: ६०२०१७३३ LT. No.:286216

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | स. काममा दक्ष | 150 | ५२,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: **GUL BEAUTY SALON** शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०८०/०२/०४ चलानी नं.: ६०२०१७२९ LT. No.:286217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ५२,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 2 | | 150 | ५२,५०८ | | | | | | | |

**अन्तर्वार्ता २०८० जेठ १४ गते (28 May, 2023) यस प्रा.लि.को कार्यालय धुम्बाराही, काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**टाईगर ओभरसिज इम्प्लोइमेन्ट प्रा. लि.**
धुम्बाराही-४, प्रकाश मार्ग, काठमाडौं, फोन: ०१- ४५१८९९७
Govt. Lic. No. 335/059/060
Email: info@tigeroverse.com.np | Web: www.tigeroverse.com.np

## UAE मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : **ALABNYA ALDHABYA FOR TECHNICAL SERVICES CONTRACTING CO. LLC.** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०२/०६ चलानी नं.: ६०२०१७२७ LT. No.: 286394

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper/labourer | 15 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,३४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gypsum Carpenters | 10 | 0 | | 1100 | ३९,५३४ | | | | | | | |
| 3. | Mason(Tile/marble/plaster) | 5 | 0 | | 1100 | ३९,५३४ | | | | | | | |

२. कम्पनी : **ADAA EMPLOYMENT L.L.C.** शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०२/०६ चलानी नं.: ६०२०१७२६ LT. No.: 286395

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Block/plaster Masons | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 25 | 0 | | 1200 | ४३,१२८ | | | | | | | |
| 3. | Finishing/gypsum Carpenter | 50 | 0 | | 1200 | ४३,१२८ | | | | | | | |
| 4. | General Helper/labour | 50 | 0 | | 900 | ३२,३४६ | | | | | | | |
| 5. | Painter | 25 | 0 | | 1200 | ४३,१२८ | | | | | | | |
| 6. | Shuttering Carpenters | 50 | 0 | | 1100 | ३९,५३४ | | | | | | | |
| 7. | Steel Fixer | 50 | 0 | | 1100 | ३९,५३४ | | | | | | | |
| 8. | Tile Mason | 50 | 0 | | 1200 | ४३,१२८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १४ गते (28 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

**नोटः Butwal को लागि सम्पर्क Jhabindra Raimajhi- 9847200753**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Perfect Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. ५५३/०६७/०६८
P O Box No: 3031, Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 014950764, 014987640 , Fax : 4360220, Email: info.perfectrecruiting@gmail.com

# 'तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ जेठ




संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक रहेको बताएका छन् ।

स्थानीय, प्रदेश र केन्द्र सरकारबीच हुने सहकार्य सहअस्तित्व र साझेदारीले संघीयता कार्यान्वयनमा महत्वपूर्ण योगदान गर्ने मन्त्री मोदीले बताए ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमअन्तर्गत मन्त्रालयले आयोजना गरेको कार्यशालामा उनले मुलुक संघीयता कार्यान्वयनको सुरुवाती चरणमा रहेको र यसलाई सफल बनाउन सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने बताए ।

तीनै तहका सरकारबीच आवश्यक समन्वय र सरकार्यमा अभाव देखिँदा जनताले अपेक्षा गरेअनुरुप कार्यसम्पादन हुन नसकेकाले संघीय व्यवस्थामाथि समय-समयमा टीका-टिप्पणी हुने गरेको भन्दै मन्त्री मोदीले त्यस्ता कमी-कमजोरी समाधान गर्दै अगाडि बढ्न आवश्यक रहेको बताए ।

प्रदेश र स्थानीय जनप्रतिनिधि, कर्मचारी र अन्य सरोकारवालामा संघीयतासम्बन्धी विविध कार्यक्रम, सुशासन तथा वित्तीय विकेन्द्रीकरणलगायत शासन र सुशासनसम्बन्धी मुद्दाहरूमा केन्द्रित रहने गरी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालन गरिरहेको र यो कार्यक्रम संघीयता कार्यान्वयनमा प्रभावकारी देखिएको उनको भनाइ छ ।

कार्यशालामा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले संघीयता कार्यान्वयन सबैको समान दायित्व रहने भएकाले कार्यान्वयनमा देखिएका समस्या समाधान गर्दै अघि बढ्नुपर्ने बताए । तीनै तहका सरकार सञ्चालनका सम्बन्धमा विभिन्न प्रशासनिक र प्राविधिक कठिनाइ देखिए समयानुकूल व्यवस्थित गर्दै अगाडि बढ्नुपर्ने उनको भनाइ छ ।

मन्त्रालयका सचिव डा.कृष्णहरि पुष्करले अन्तरसरकारको सम्बन्ध सहकार्य, सहअस्तित्व र साझेदारीमा रहेको बताउँदै आपसमा समन्वय गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए ।

उनले तीनै तहका सरकारले आ-आफ्ना भूमिका र उत्तरदायित्व स्पष्ट पार्दै देखिन सक्ने द्वन्द्वको सही व्यवस्थापनमा ध्यान दिनुपर्ने बताए । त्यस्तै अन्तरसरकारी सम्बन्ध प्रभावकारी बनाउन व्यवस्था भएका प्रदेश समन्वय परिषद्जस्ता निकायलाई प्रभावकारी बनाउनुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा स्थानीय तहको तर्फबाट ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश अर्याल, सातवटै प्रदेशका सचिव एवं कार्यक्रम निर्देशकहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सहसचिव रेखा दास श्रेष्ठ, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (उनिकउ)का राष्ट्रिय कार्यक्रम निर्देशक सहसचिव बलराम रिजालले अन्तर सरकारी समन्वयको प्रभावकारिता, समस्या र आगामी कार्यदिशा लगायतका विषयमा आ-आफ्नो प्रस्तुती राखेका थिए । कार्यक्रमको सञ्चालन प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (उनिकउ)का राष्ट्रिय कार्यक्रम व्यवस्थापक भुपेन्द्र सापकोटाले गरेका थिए ।

# कपिलवस्तुका उखु किसानको आन्दोलन जारी

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ६ जेठ



कपिलवस्तुका उखु किसानको आन्दोलन जारी रहेको छ । सरकारले दिनुपर्ने रकम नपाएपछि कपिलवस्तुका उखु किसानहरु काठमाडौंको माइतीघर मण्डलामा बसेर आन्दोलन जारी राखेका हुन् । ३० जना अगुवा उखु कृषकहरूले सरकारले तोकेको रकम नपाउँदा काठमाडौंमै धर्ना बसेका छन् । सरकारले दिने दुई करोड ५० लाख अनुदान रकम कपिलवस्तुका उखु किसानले नपाएको गुनासो गरेका छन् । सरकारले प्रतिक्विन्टल उखुको मूल्य ४६१ रुपैयाँ दिने घोषणा गरे पनि कपिलवस्तुमा मिल सञ्चालकले प्रतिक्विन्टल ४३६ रुपैयाँ मात्र दिएका थिए । बाँकी २५ रुपैयाँ सरकारले दिने सम्झौता भएको थियो । कपिलवस्तुका आठ हजार किसानले अनुदान रकम नपाएको बताएका छन् ।

पटक-पटक सरकार र मिल सञ्चालकलाई अनुरोध गर्दासमेत कुनै सुनुवाइ नभएको किसानहरुले बताएका छन् । शिवराज नगरपालिकामा रहेको महालक्ष्मी सुगर्स मिलका कारणले आफूहरूले पाउनुपर्ने रकम नपाएका किसानहरूको गुनासो छ । पटक-पटक ज्ञापनपत्र बुझाउँदा समेत सुनुवाइ नभएकाले अहिले किसानहरूको टोली माइतीघर मण्डलामा धर्ना जारी राखेको कपिलवस्तु किसान संघका अध्यक्ष अनुपकुमार चौधरीले बताए । ८ वर्ष पूरा भए पनि किसानहरूले पाउनुपर्ने रकम नपाएका कृषकले बताएका छन् ।

रजौरियाको एक्येबद्धता

यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य प्रकाश रजौरियाले उखु किसानहरुको आन्दोलनमा ऐक्यबद्धता जनाएका छन् । उनी माइतीघर मण्डला पुगेर उखु किसानहरुको आन्दोलनमा ऐक्यबद्धता जनाएका हुन् ।

रजौरियाले आन्दोरलनरत उखु किसानलाई मेडिकल चेकअपको साथै खाना नास्ताको व्यवस्थासमेत गरेका छन् । गत निर्वाचनमा कपिलवस्तु क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभामा उम्मेद्वार बनेका रजौरियाले आफ्ना नागरिकको समस्यामा साथ र सहयोग गर्न काठमाडौं पुगेका हुन् ।

# पत्रकार महासंघ कतार शाखाले मनायो १७औं स्थापना दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ६ जेठ



नियमितभन्दा फरक शैलीको कार्यक्रम आयोजना गर्दै पत्रकार महासंघ कतार शाखाले आफ्नो १७औं स्थापना दिवस मनाएको छ । कतारस्थित नेपाली दूतावासको हलमा शुक्रबार सम्पन्न कार्यक्रम निर्धारित समयमा शुरु भएर निर्धारित समयभन्दा केही मिनेट ढिलो सकिएको थियो । कार्यक्रम शाखा कतारका अध्यक्ष करीम बक्स मियाँको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत डा.नरेश विक्रम ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । केक काट्दै खुसीयाली साटेर अगाडि बढेको कार्यक्रममा आधा दर्जन वक्ताहरूले महासंघले प्रदान गरेको विषयमाथि आ-आफ्ना धारणा राखे । नेपाली महिला समाज कतारकी अध्यक्ष सरिता भण्डारी पौडेल, सामाजिक तथा बौद्धिक व्यक्तित्वहरू कमलमणि गुरागाईं, विमल सुवेदी, एनआरएनए एनसीसी कतारका अध्यक्ष मोहम्मद मुत्तदा मुसलमानले आफ्ना विचार राखे ।

आफ्नो मन्तव्यका क्रममा प्रमुख अतिथि ढकालले पत्रकार पेसा आफैंमा चुनौतीपूर्ण रहेको बताए । उनले नेपालको संविधानले पत्रकारलाई राष्ट्रको चौथो अंगमा सम्बोधन गरेको हुँदा समाचार सम्प्रेषणमा निष्पक्षता हुनुपर्नेमा जोड दिए । केही पत्रकारले समाजमा अफवाह फैलाउने र समाज विभाजन गर्ने गरेको आफूले देखेको बताउँदै उनले पत्रकारिता पेसालाई मर्यादित बनाउन आग्रह गरे ।

कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूसहित एसियन कम्युनिटीका पत्रकारहरूको विशेष उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो । आफ्ना मन्तव्यका क्रममा बङ्ला-कतार प्रेस क्लबका एम ई आकाशले नेपाली समुदायका गतिविधिसँग आफू जानकार रहेको बताए । उनले कतारमा रहेर पत्रकारिता गर्दा श्रममुखी तथा निष्पक्ष पत्रकारिता गर्नुपर्नेमा जोड दिए ।

त्यस्तै रेडियो कतार उर्दुका पत्रकार ओबैद ताहेरले कार्यक्रमको अवधिमै करिब एक सयभन्दा बढी संघ संस्थाका प्रतिनिधि तथा अध्यक्षलेआशन ग्रहण गरेको देखेको तर ती नेतृत्वकर्ताले आफ्नो भूमिका समाजमा जिम्मेवारीपूर्वक निभाउन नसकेको आफूले महसुस गरेको बताए । उनले कुनै नेपाली काम विशेषले कतारको सरकारी कार्यालय जाँदा कुन विभागमा के कागजात लिएर कसरी जाने भन्ने न्यूनतम ज्ञान नहुँदा एकछिनमै बन्ने काम पनि एक हप्ता लाग्ने गरेको आफूले देखेको गुनासो गरे । उनले कतिपय नेपालीहरू सामाजिक सञ्जालमा फोटो भिडियो पोष्ट गर्दा ध्यान नपुऱ्याएकै कारण कानूनी उल्झनमा परेको आफूले देखेको बताउँदै कतारमा नेपाली संघ संस्थाको नेतृत्वकर्ताले आफ्ना नागरिकमाझ न्यूनतम कानूनी ज्ञान पनि बुझाउन चुकेकाले जिम्मेवार बन्न आग्रह गरे ।

तीर्थ सङ्गम राईले कविता वाचन गर्दै कार्यक्रममा स्वागत गरे भने संघका उपाध्यक्ष तथा कार्यक्रम संयोजक दिल श्रेष्ठले शुभकामना मन्तव्यमार्फत उपस्थितलाई स्वागत गरेका थिए ।

संघका सचिव अर्जुन पौडलले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति मियाँले कतारमा रहेका नेपाली पत्रकारहरू मजदुर पत्रकार रहेको बताए । उनले मजदुर पत्रकारलाई रोजगारी प्यारो हुने हुँदा खोज अनुसन्धान तथा श्रमिकका पक्षमा खुलेर लेख्न नसकिएको प्रष्ट पारे । महासंघको निम्तोलाई स्वीकार गरी कार्यक्रममा उपस्थित सबैप्रति उनले कृतज्ञता व्यक्त गरेका थिए । कार्यक्रममा एनआरएनए आइसीसीका उपाध्यक्ष राजेन्द्र कुमार शर्माले विशेष शुभकामना मन्तव्य राखेका थिए ।

सम्मान कार्यक्रम

वार्षिकोत्सव कार्यक्रममार्फत कतारमा सूचना तथा सामुदायिक पत्रकारिता गरिरहेका नेपाली समुदायका पत्रकारमध्येबाट दुई जना पत्रकार सम्मानित भएका छन् । महासंघमा आवद्ध नरहे पनि निरन्तर नेपालीको हितमा कतारका नियम कानून तथा जानकारीमुलुक समाचार लेख्ने क्युएनखबरका संवाददाता अनिल मगर प्रोत्साहन पत्रद्वारा सम्मानित भएका हुन् । त्यस्तै महासंघ कतार शाखाकै पञ्जीकृत सदस्य शारदा भुजेल प्रोत्साहन पत्रद्वारा सम्मानित भइन् । भुजेल एनआरएनए एनसीसी कतारको २०२१-२३ पत्रकारिता पुरुषकार विजेता समेत हुन् ।

कार्यक्रममार्फत कतारका पहिलो नेपाली व्यवसायी तथा एनआरएन आइसिसीका संस्थापक उपाध्यक्ष डा. देवकाजी डंगोल सम्मानित भए । डंगोलसँगै कतारबाट प्रकाशित हुने अंग्रेजी दैनिक पत्रिका दि पेनेन्सुयलाका सिनियर (७० वर्षे) पत्रकार असरफ सिद्धिकीलाई दोसल्ला ओढाएर ताम्रपत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा विषयगतरूपमा बोल्ने वक्ताहरूसहित बङ्ला-कतार प्रेस क्लबका अध्यक्ष एम ई आकाश र प्रमुख अतिथि ढकाललाई मायाको चिनो प्रदान गरिएको थियो ।

## 'कतारमा दुई वटा एनआरएनए छैनन्'

कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालले कतारमा दुई वटा एनआरएन नभएको बताएका छन् । पत्रकार महासंघ कतार शाखाले आयोजना गरेको आफ्नो १७औं स्थापना दिवस कार्यक्रममा प्रमुख अतिथि ढकालले कतारमा दुई वटा एनआरएन नभएको बताएका हुन् ।

राजदूत ढकालले आफूलाई विभिन्न कोणबाट जे जति दबाब आए पनि कतारमा एनआरएनए दुई वटा हुन नसक्ने बताए । नयाँ खुलेको एनआरएनए दर्ता पक्रियामा नगएको उनको भनाइ थियो । उनले कतारमा एनआरएनए एउटा भएको र एउटै रहने बताए । कतारबाटै एनआरएनए एक मात्र छ भनेर सन्देश दिन आवश्यक रहेको उनको भनाइ थियो । एनआरएनएको अधिवेशनबाट एकताका सन्देश जाने अपेक्षा आफूले गरेको उनले बताए । दुई वटा एनआरएनएलाई एक बनाउन पत्रकारले पनि उत्तिकै भूमिका खेल्नुपर्ने उनले बताए ।

उनले देश र जनताका लागि आफ्नो धर्म सम्झेर निष्ठाको पत्रकारिता गर्दै गर्दा ज्यान गुमाएका पत्रकारहरूप्रति श्रद्धाञ्जली ज्ञापन गरे । सरकारले तोकेको सेवा सुविधा सञ्चार गृहले उपलब्ध नगराउँदा पनि पत्रकारहरुले दबाब र थ्रेटका बीच काम गर्नु परेको उनले बताए । पत्रकारलाई चौथो अगंमा शक्ति सन्तुलनका लागि राखिएको बताउँदै उनले पत्रकारले मात्र अन्य तीन अंगसँग शक्ति सन्तुलन गर्ने गरेको उनको भनाइ थियो । राज्यका अन्य अंगले कानूनभन्दा बाहिर गएर काम गर्दा चौथो अंगले वाच डगका रूपमा काम गरिरहेको बताए । चौथो अंगले सरकारी सुविधा लिने सबै सरकारी कर्मचारी तथा सरकारकै राम्रा काम मात्र नभएर खबरदारी गर्नुपर्ने उनको भनाइ थियो ।

संविधानमा पत्रकारितालाई विशेष महत्व दिइएको स्मरण गराउँदै उनले प्रत्येक नागरिकलाई देशमा बाँच्न पाउने अधिकार रहेको र सूचनाको हक पनि रहेको बताए । नेपालमा मृत्युदण्डको व्यवस्था नरहे पनि कानूनको अक्षरशः पालना अनिवार्य रहेको उनले बताए । ढकालले एक उदाहरण दिँदै विदेशमा रहेका डिप्लोम्याटहरुले ल्याउने लकेज कहीँ पनि चेक नहुनुको कारण उनीहरूले अवैध कारोबार गर्दैनन् भन्ने विश्वास रहेको र पत्रकारहरूसँग पनि राज्यले यस्तै विश्वासको अपेक्षा गरेको बताए । उनले एउटै कार्यक्रमका समाचार पनि फरक कोणबाट फरक शीर्षक राखेर व्यापारिक दृष्टिकोणले सम्प्रेषण हुने गरेको बताउँदै कतारमा रहेका पत्रकारलाई जिम्मेवार बन्न आग्रह गरे । उनले कतारमा पेसाले नै पत्रकारिता गर्ने पत्रकार कम रहेको हुँदा आफ्नो जागिरका अलावा गर्ने पत्रकारितामा मर्यादित बन्न सुझाव दिए ।

राजदूत ढकालले कतारमा संघसंस्था मर्ज गर्ने कुरा जनमानसमा पुगेको बताउँदै मन मर्ज नभएसम्म संघसंस्था मर्ज नहुने हुँदा सबैले मनबाटै संघसंस्था तथा कार्यक्रम कम गरेर देशलाई रेमिट्यान्स पठाएर समृद्ध नेपाल बनाउन इट्टा थप्न आग्रह गरे । कार्यक्रममार्फत सम्मानित भएका सबैलाई बधाई दिँदै राजदूत ढकालले अन्य कम्युनिटीका पत्रकारसँग आफ्नो दैनिकजसो भेट हुने गरेको र नेपाली कम्युनिटीका पत्रकारसँग पनि प्रगाढ सम्बन्ध रहेको देख्दा आफूलाई खुसी लागेको बताए ।

# छुरा प्रहार गरी एक जनाको हत्या

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ६ जेठ



सामान्य कुराको विवादमा छिमेकीले छुरा प्रहार गर्दा एक जनाको मृत्यु भएको छ । रौतहटको गौर नगरपालिका वडा नम्बर ७ सिसवा गाउँमा ३५ वर्षीय शेख कविरले छुरा प्रहार गर्दा छिमेकी ५० वर्षीय यार महदम खानको मृत्यु भएको रौतहट प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएअनुसार शुक्रबार राति १० बजेको समयमा दुवैबीच विवाद हुँदा कविरले खानको पेटमा छुरा प्रहार गरेका थिए । पेट र मुटुमा गम्भीर चोट लागेका खानलाई तत्काल उपचारका लागि सदरमुकाम प्रादेशिक अस्पताल गौर लैजाँदा डाक्टरले मृत घोषणा गरेका थिए ।

स्थानीयले प्रहरीमा खबर गर्नासाथ प्रहरी टोली घटनास्थल पुग्दा अभियुक्त फरार रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका इन्सपेक्टर विन्देश्वर यादवले बताए । इन्सपेक्टर यादवको अनुसार हत्याका अभियुक्त मानसिक रोगी रहेको र उनको खोजी भइरहेको छ ।

मृतक खान नेकपा एसका समर्थक थिए । गौर नगरपालिकाका मेयर शम्भु साह प्रादेशिक अस्पताल गौर पुगेर मृतकका परिवारलाई भेट्दै फरार अभियुक्तलाई तत्काल पक्राउ तथा घटनाको सत्यतथ्य छानबिन गर्न प्रशाशनसँग माग गरेका छन् ।

# राजपुरमा दुई घरमा चोरी

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ६ जेठ



रौतहटको राजपुर नगरपालिका वडा नम्बर ३ डमार टोलमा शुक्रबार राति २ घरमा चोरी भएको छ ।

इलाका प्रहरी कार्यालय राजपुरबाट प्रप्त जानकारी अनुसार राजपुर नगरपालिका वडा नं. ३ मा बस्ने मोहम्मद कासीम अंसारी उर्फ गोला र मो.सबिर उर्फ बागराको घरमा चोरी भएको हो ।

शुक्रबार राति १२ बजे देखि २ बजेको समयमा चोरले सेन्हकट्टी गरी गहना, लुगा कपडालागयतको समान चोरी गरेको प्रहरीले जनाएको छ । चोरीको घटनाबारे प्रहरीले थप अनुसन्धान शुरु गरेको इलाका प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक कृष्ण हरी बोहराले बताए ।

साउदीमा रोजगारको अवसर | कम्पनी: PAPER CUP CAFE FOR SPECIALITY COFFEE
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०८०/०२/०५ | चलानी नं.: ६०२०१७२३ | LT. No.: 286220

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Kitchen Worker | 7 | 0 | स. काममा दक्ष | 1500 | ५२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १४ गते (28 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Rapid
श्रम ईजाजत नं. ५७७/०६२/०६३
RAPID INTERNATIONAL PVT.LTD.
Seto Pool, Ram Mandir Marg, Maitidevi Kathmandu, Nepal .
फोन नं: ४४६५८७७, ४५८८९१२

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005 / 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonnms.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
७ जेठ २०८०, आइतबार
21 May 2023, Sunday

## सम्पादकीय

# संगतीहीन टिप्पणी

आगामी आर्थिक वर्षका लागि सरकारले शुक्रबार नीति तथा कार्यक्रम ल्याएको छ । राष्ट्रपति रामचन्द्र पौडेलमार्फत संघीय संसदमा प्रस्तुत नीति तथा कार्यक्रमबाट आगामी बजेटको सैद्धान्तिक प्राथमिकता सरकारले प्रष्ट पारेको छ । संवैधानिक व्यवस्था बमोजिम हरेक वर्ष ५ जेठमा सरकारले नीति तथा कार्यक्रम ल्याउने गरेको छ । त्यही व्यवस्था अनुसार सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि अहिले अनेक कोणबाट छलफल चलिरहेको छ । सत्तारूढ पक्ष नीति तथा कार्यक्रमको सकारात्मक पक्षलाई प्रचार गरिरहेका छन् । तर प्रमुख विपक्षी दल नेकपा एमाले लगायत शक्तिले भने नीति तथा कार्यक्रममा खासै नौलोपन नरहेको टिप्पणी गरिरहेका छन् । उनीहरूका अनुसार, यो नीति तथा कार्यक्रमले बिगतका कार्यक्रमलाई निरन्तरता समेत दिन सकेका छैनन् ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीको भाषामा त यो नीति तथा कार्यक्रमले विद्यमान समस्या हल गर्न सक्दैन । उनकै लोलीमा बोली मिलाउदै महासचिव शंकर पोखरेलले समेत नीति तथा कार्यक्रमले कुनै उत्साह दिन नसकेको उल्लेख गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरूले पनि एमालेकै जस्तो निष्कर्ष निकालेका छन् । हरेक वर्ष नीति तथा कार्यक्रम आउँदा सत्ता पक्षले बचाउ र प्रशंसा गर्ने अनि प्रतिपक्षीले आलोचना गर्ने प्रवृत्ति नौलो होइन । संभवतः नीति तथा कार्यक्रममा मात्रै नभएर बजेटमा पनि त्यस्तै प्रवृत्ति दोहोरिन सक्छ । जुन हरेक वर्ष देखिने गरेको छ, हुँदै आएको छ ।

तर आवश्यकता भने आफ्नो पोजिसन प्रष्ट पारेर टिप्पणी गर्ने नभएर विषयवस्तुमा आधारित भएर निष्कर्ष निकाल्नु हो । जुन काम गर्न राजनीतिक नेतृत्व चुक्ने गरेका छन् । यदि त्यस्तो हुँदैनथ्यो भने कुनै आर्थिक वर्ष विशेषको नभएर समग्र कार्यक्रमहरूकै समीक्षा हुनेथियो । बजेटहरूकै समीक्षा हुनेथियो । किनकि मुलुकमा अभिछिन्न उत्तराधिकारीवाला सरकार रहन्छ, र मुलुकको वस्तुगत परिस्थिति पनि बदलिएको हुँदैन भने कुनैपनि सरकार विशेषको निरपेक्ष बजेट आउन संभव हुँदैन । तर राजनीतिक अस्थिरता र मतमा आधारित राजनीतिका कारणले सरकार अनुसार बजेट फरक हुने जस्तो टिप्पणी हुने गरेको छ । इतर पार्टीले ल्याउने सबै कार्यक्रम बेठीक र आफ्नाले ल्याएको बजेट उत्तम हुने प्रचार गर्ने प्रवृत्ति देखिने गरेको छ । तर हामी जस्तो भूराजनीतिक परिस्थितिमा उभिएका छौं र संसार जुन गतिमा दौडिएको छ, त्यसलाई भेटाउन मुलुकको कार्यक्रममा स्थीरत आवश्यक छ । त्यो भनेको एउटा नभएर समग्र बजेटहरूकै संगती आवश्यक छ, अर्थतन्त्रको समग्र विश्लेषमा आधारित टिप्पणी आवश्यक छ ।

# आयोजना मूल्यांकन विधिको महत्व

*सञ्चालित आयोजना राष्ट्रिय सोच र लक्ष्य हासिल हुनेगरी संघ, प्रदेश र स्थानीय तहमा समन्वयात्मक, नतिजामुखी छ/छैन उचित मूल्यांकन हुनुपर्छ । आयोजनालाई उद्देश्यमुखी बनाउन मूल्याकंन विधिको प्रयोग गरिन्छ । यदि मूल्यांकन विधिलाई उल्लंघन गरियो भने आयोजनाहरू उद्देश्यअनुरूप नहुन पनि सक्छन् ।*

अग्रलेख



● गम्भीरबहादुर हाडा

विकासको क्रममा कुनै पनि देशमा विभिन्न आयोजनाहरूको सञ्चालन गरिएको हुन्छ । ती आयोजनाहरूको राम्रो तथा सक्षम सञ्चालनबाट मात्र आर्थिक विकासको लक्ष्य प्राप्त गर्न सकिन्छ । एउटा निश्चित समय, लागत र गुणस्तरमा कुनै पनि संगठनको उद्देश्य पूरा गर्नको लागि बीसौं शताब्दिको उत्तरार्धदेखि अस्थायी संगठनको रूपमा आयोजनालाई स्थापना गरी कार्य सञ्चालन गर्ने प्रक्रियाको रूपमा आयोजना व्यवस्थापनको शुरूवात भएको हो । आयोजना के हो भन्ने सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न किसिमबाट परिभाषा दिएका छन् । हेराल्ड कर्वनरको भनाई अनुसार "तोकिएको सीमित श्रोत र साधनको प्रयोग हुने गरी निश्चित समयमा प्रारम्भ गरी निश्चित समयमा समाप्त गरिने क्रियाकलापहरूको समष्टिलाई आयोजना भन्दछन् ।" संयुक्त राज्य अमेरिकाको प्रोजेक्ट म्यानेजमेन्ट इन्स्टीच्यूडको परिभाषाअनुसार "आयोजना भनेको विभिन्न सीप र साधनको प्रतिबद्धतासहित निश्चित लक्ष्य र समय तोकिएको एक पटक सञ्चालन हुने प्रमुख कार्य हो । यो आयोजना मानवीय र गैर मानवीय श्रोतको संयोजनमा पूर्व निश्चित लक्ष्य प्राप्त गर्ने एउटा अस्थायी संगठन हो । आयोजनाका विभिन्न परिभाषा र यसको प्रकृतिबाट आयोजना भन्नाले सारांशमा भन्न सकिन्छ, १. प्रारम्भ र अन्त्य निश्चित गरिएको हुन्छ, २. उद्देश्य किटान गरिएको हुन्छ, ३. सम्पन्न गर्नुपर्ने कार्यको क्षेत्र हुन्छ, ४. पूर्व निर्धारित बजेट हुन्छ र ५. सामान्यतया अस्थायी संगठन हुन्छ ।

समष्टिरूपमा हेर्दा, योजनालाई माइक्रो लेभलमा म्याक्रो लेबलमा हेरिन्छ भने आयोजनालाई माइक्रोको रूपमा हेरिन्छ । आयोजना निरन्तर जारी रहने क्रिया होइन । निश्चित अवधिभित्र यसको कार्य समाप्त हुनुपर्छ । वास्तवमा आयोजना निश्चित कुराहरूलाई निश्चित उद्देश्य र लक्ष्यको सीमा भित्र आबद्ध गरी निश्चित समयको अन्तरालमा तोकिएको श्रोत र साधनको सीमाभित्र आबद्ध गरी निश्चित समयको अन्तरालमा तोकिएको स्रोत र साधनको संयोजनबाट कुनै कार्य सम्पन्न गर्ने व्यवस्था हो । आयोजना सामान्यतया: अल्पकालीन अवधिको हुन्छ ।

आयोजना भन्नाले यसले कुनै उद्देश्य वा उद्देश्यहरू प्राप्त गर्नको लागि गरिने कार्यक्रमलाई जनाउँदछ । कुनै निश्चित उद्देश्य हुनुका साथै, यसको शुरूवात तथा अन्तको किटान भएको हुन्छ । यसको अतिरिक्त आयोजनाको सञ्चालन कुन स्थानमा हुने तथा यसबाट कसलाई के-कति फाइदा हुने हो सोबारे केही निधो हुनु आवश्यक हुन्छ । यो निरन्तर जारी रहने क्रिया होइन । निश्चित अवधिभित्र यसको समाप्ति हुनुपर्दछ । आयोजना निश्चित समयको अन्तरालमा तोकिएको स्रोत र साधनको संयोजनबाट सम्पन्न गर्ने व्यवस्था हो । वस्तुत: यो पटकीय, प्रारम्भ र अन्त्य सुनिश्चित गर्ने कार्य व्यवस्था हो । आयोजना सामान्यतया अल्पकालिन हुन्छ । आयोजनाले देशव्यापी विकासको लक्ष्य राखेको हुँदैन । यसले कुनै निश्चित उद्देश्य हासिल गर्ने लक्ष्य मात्र राखेको हुन्छ । आयोजना कतिपय अवस्थाहरूमा राष्ट्रिय योजनाको एक भागको रूपमा रहेको पनि हुनसक्छ । तर, साधारणतया: आयोजनाहरू योजनाभन्दा भिन्न र स्वतन्त्र हुन्छन् । योजना र आयोजना बीच प्रमुख भिन्नता यो रहेको छ कि योजनामा किटान गरिएको समयावधि त्यति महत्वपूर्ण मानिदैन र साधारणतया अधिकांश योजनाहरू तोकिएको समयमा पूरा हुँदैनन् भने आयोजनामा किटान गरिएको समयावधि अत्यधिक महत्वपूर्ण मानिन्छ । आयोजनाका विशेषताहरूमा अस्थायी प्रकृति, अवधिको सीमा बन्धन, उद्देश्यजन्यता, लक्ष्योन्मुखता, अनिश्चितता र जोखिमजन्यता, पुनरावृत्तिविहीनता, समन्वयजन्यता, सामुहिकता, नेतृत्व, निरन्तरता, चरणबद्धता, परिवर्तनशीलता, अद्वितीयता, करारजन्यता आदि रहेका छन् ।

निश्चित आयोजना निश्चित उद्देश्य वा लक्ष्य लिएर सुरु हुन्छ, निश्चित उद्देश्य पूरा गर्नका निम्ति मानवीय एवं गैर मानवीय स्रोत र साधनहरूसँग संलग्न रही विभिन्न क्रियाकलाप सञ्चालन गर्दछ र उद्देश्य प्राप्तिपश्चात रोकिन्छ । आयोजनालाई क्रियाकलाप र कार्यहरूको कुनै श्रृंखलाका रूपमा विचार गर्न जसमा तोकिएको क्षेत्रभित्र रहेर उद्देश्य पूरा गर्नु पर्दछ । सुरु र अन्त्य परिभाषित गरिएको हुन्छ । सीमित साधन हुन्छ र स्रोतको उपयोग गरिन्छ ।

### आयोजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरू

आयोजनासम्बन्धी विचार गर्नु, त्यसको बजार र इन्जिनियरिङको अध्ययन गर्नु, आयोजनाको पहिलो डिजाइन तयार गर्नु, जनशक्तिको सम्भाव्यता निर्णय गर्नु, आर्थिक दृष्टिले फाइदा छ कि छैन निर्णय लिनु, सम्भाव्यता अध्ययन गरी सुझाव गर्नु, आयोजनालाई अन्तिम रूप दिनु, आर्थिक सहयोगका लागि अनुरोध गर्नु, आर्थिक सहयोगको स्वीकृति लिनु, आर्थिक सहयोगबारे सम्झौता गर्नु, आयोजनाका लागि चाहिने संगठनको सिर्जना गर्नु, इन्जिनियरिङ डिजाइन पूरा गर्नु, आयोजना ठेक्कापट्टा गर्नु र आयोजना कार्यान्वयनका लागि दिनुपर्छ । यी उल्लेखित चरणलाई चरणबद्धरुपमा सम्पन्न गर्नुपर्छ ।



### आयोजना मूल्यांकनका प्रकारहरू

आयोजना मूल्यांकन भन्नाले आयोजना समाप्तिको चरणको मूल्यांकनलाई लिइन्छ । मूल्यांकनलाई प्रसिद्ध विद्वान चार्ल्स सी मार्टिनले "कुनै दिइएको विषय वा कार्यको परीक्षण गरी त्यसको उपयोगिता, स्तर, महत्व, परिमाण र स्थिति सम्बन्धमा निश्चय गर्नु हो भनेका छन् ।" त्यसैगरी आयोजना मूल्यांकनको सम्बन्धमा कुनै पनि आयोजनाको मुख्य उद्देश्य त्यसको प्रगतिद्वारा हाँसिल भएको छ छैन भन्नेसँग रहनेछ भनेका छन् । आयोजनाको उद्देश्य र उक्त उद्देश्य प्राप्ति वा उपलब्धिसँग मात्र मूल्यांकनसँग सम्बन्धित रहन्छ । अन्य केही विद्वानहरूले मूल्यांकनलाई मुख्य निर्धारण गर्ने प्रक्रियाको रूपमा र कसैले आयोजना वा कार्यक्रमको फाइदा र कमजोरी पहिचान गर्ने विश्लेषणको रूपमा र कसले परिमाणात्मक र स्तरीयताको उपलब्धि परीक्षणको रूपमा लिएका छन् । आयोजना व्यवस्थापनको जीवनचक्रको परिप्रेक्ष्यमा अध्ययन गर्दा मूल्यांकनलाई हामी एकीकृत प्रकृयाको रूपमा लिई यसलाई पनि आयोजनाको प्रगति र यसबाट पर्ने समष्टिगत प्रभाव मूल्यांकन गर्ने, भोग्नु परेका समस्याको विश्लेषण गर्ने र समाधानका उपाय पहिचान गर्ने एकीकृत प्रकृयाको रूपमा हामीले लिन सक्छौं । आयोजना मूल्यांकन दुई तरिकाहरु छन्-परम्परागत र आधुनिक ।

परम्परागतका तरिकामा लगानी फिर्ता हुने अवधि र तरिका अनि प्रतिफलको लेखादर विधिका यसको मूल्यांकन गरिन्छ । लगानी फिर्ता हुने अवधि भनेको प्रारम्भिक लगानी बराबरको आम्दानी प्राप्त गर्न लाग्ने समयावधि हो । तसर्थ, यसले प्रारम्भिक लगानी प्राप्त गर्न लाग्ने वर्षहरू देखाउने गर्छ । यदि प्रत्येक वर्ष आम्दानी बराबर हुन्छ भने प्रारम्भिक लगानीलाई वार्षिक खुद प्रतिफलद्वारा भाग गरेर लगानी फिर्ता हुने अवधि प्राप्त गर्न सकिन्छ । यस्तै, प्रतिफलको लेखादर विधिको माध्यमबाट पनि लगानीको मूल्यांकन गर्न सकिन्छ । यो विधि वित्तीय विवरणमा उपलब्ध तथ्यांकमा आधारित छ । त्यसैले यो विधिलाई वित्तीय विवरण विधि पनि भनिन्छ । यो विधिलाई लगानीको प्रतिफल विधि र प्रतिफलको औसत दर विधि पनि भन्ने चलन छ ।

यस्तै, आधुनिक प्रणालीमा मुद्राको समय मूल्यलाई ठूलो महत्व दिएको छ । मुद्राको समय मूल्य भनेको कुनै एक समयको मुद्राको निश्चित इकाईको अर्को समयमा व्यक्त गरिने मूल्य हो । यो शुद्ध वर्तमान मूल्य विधिमा मुद्राको समय मूल्यले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । आन्तरिक प्रतिफल दर तरिकाले नगद प्रवाहहरूलाई नगद व्यय प्रवाहहरूसँग बराबर पार्ने प्रतिफलदर पत्ता लगाउँछ भने यस प्रणालीले नगद प्रवाहहरूलाई मानिएको वा वान्छनीय प्रतिफलको दरले वट्टा गर्दछ । वट्टा गर्ने प्रक्रियाद्वारा आम्दानीहरूको वर्तमान मूल्य निर्धारण गरिन्छ ।

यस्तै, प्रतिफलको आन्तरिक दर विधि लगानी (आयोजना) मूल्यांकनको आधुनिक विधिअन्तर्गतको एउटा विधि हो । यो विधिलाई आयोजनाको सीमान्त क्षमता विधि वा लगानीको प्रतिफल विधि पनि भनिन्छ । यो प्रतिफलको आन्तरिक दरलाई प्रतिफलको दर मात्रै पनि भन्ने चलन छ । यस विधिद्वारा आयोजनासँग सम्बन्धित नगद प्रवाह कै आधारमा प्रतिफलको दर निर्धारण गर्ने गर्दछ ।

आधुनिक प्रणालीमा आयोजनाको मूल्यांकन गर्न बट्टासहितको नगद प्रवाह तरिकालाई पनि ध्यान दिइन्छ । यसले विभिन्न समय विन्दुहरूमा प्राप्त नगद प्रवाहरूलाई जोड्नु अघि उनीहरूलाई समायोजन गरिन्छ । भविष्यको नगद प्रवाहको अङ्कित मूल्यलाई निश्चित व्याजदरको आधारमा वर्तमान मूल्यमा समायोजन गर्ने प्रकृयालाई वट्टा गर्ने कार्य भनिन्छ । यस तरिकाले वट्टा गरेर मुद्राको समय सापेक्ष मूल्यलाई ध्यान दिने भएकोले यसलाई वट्टा सहितको नगद प्रवाह तरिका भनिन्छ । आयोजनाको सम्बन्धमा निर्णय गर्दा लगानीको उचित मूल्यांकन गर्ने काम व्यवस्थापकको दायित्वको कुरा हो ।

आयोजनाहरूको मूल्यांकन गर्ने प्रमुख विधिको रूपमा लागत लाभ विश्लेषणलाई लिन सकिन्छ । यसैको आधारमा नै कुनै पनि योजना जनता, समाज, मुलुक वा राष्ट्रको लागि उपयुक्त छ वा छैन भन्ने हेरिन्छ । लागत लाभ विश्लेषणको प्रयोग सामान्यतया दीर्घकालीन समयसम्म टिकाउ हुने र बढी खर्च लाग्ने आयोजनामा मात्र गरिन्छ र आयोजनाको मूल्यांकन वा छनौट गर्दा वित्तीय आर्थिक र सामाजिक पक्षहरूलाई आधार बनाइन्छ । आयोजनाको लाभ तथा लागतको लेखा जोखा गरी लाभ बढी हुने आयोजनाको छनौट गरी लगानी गरिन्छ ।

पन्ध्रौं योजना २०७६- २०८१ मा योजना तर्जुमा तथा कार्यान्वयनअन्तर्गत सघीय संरचना अनुरूप तथ्यपरक र नतिजामुखी योजना तर्जुमा प्रणालीको विकास गर्ने सोच राखिएको छ भने दीर्घकालिन सोचबमोजिम योजना तर्जुमा गरी विकास कार्यक्रम तथा आयोजनावाट लक्षित उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको छ । साथै, राष्ट्रिय सोच र लक्ष्य हासिल हुनेगरी संघ, प्रदेश र स्थानीय तहमा समन्यात्मक, नतिजामुखी र सबल योजना तर्जुमा पद्धतिको विकास गर्ने उद्देश्य राखिएको पाइन्छ ।

परियोजनाको लागत मूल्य निकाल्न शुरुमा स्थिर पूँजीमा लगानी के-कति गर्ने हो सोको विस्तृत अध्ययन गर्नुपर्दछ । कुनै पनि परियोजनाको लागि कर्जा माग गर्न उद्यमीले उसको परियोजनाको प्रक्षेपित वित्तीय विवरणहरू आम्दानी खर्च विवरण, नगद प्रवाह विवरण र वासलात विभिन्न अवधारणामा आधारित भएको तयार गरी पेश गर्नुपर्दछ । अर्को कुरा, परियोजनाको लागत मूल्य तयार गर्दा धेरैजसो हचुवा किसिमको अवधारणाले गर्दा पछि परियोजनाको लागत बृद्धि भए परियोजना सन्चालन गर्न नसक्ने स्थितिमा हुन आउँछ । प्रक्षेपित नाफा नोक्सानी हिसाब तयार गर्दा कुनै पनि परियोजनाको पूरा अवधिसम्मको वा नोक्सानको हिसाब निकाल्ने गर्नुपर्छ । वित्तीय विश्लेषणअन्तर्गत नाफाअन्तर्गत नाफा नोक्सानी हिसाबलाई नै मुख्य आधार लिइन्छ । प्रक्षेपित वासलातले कुनै पनि परियोजनाको निश्चित अवधिसम्मको आर्थिक स्थिति झल्काउँदछ ।

*(हाडा, भक्तपुर बहुमुखी क्याम्पसका सह-प्राध्यापक हुन् ।)*

## सामाजिक सञ्जाल



**- ओमकुमार थापा**

बहालवाला मन्त्री, सचिव, नेताहरूको झुन्ड र बिचौलियाहरूको संलग्नता त नक्कली भुटानी शरणार्थी प्रकरणमा पुष्टि भइनै सक्यो । जो शरणार्थी बनेर भुटानबाट नेपाल आई शरणार्थीका नेता बनेका टेकनाथ रिजाल आफैं यो काण्डमा संलग्न हुनु निर्लज्ज र निन्दनीय विषय हो । यस काण्डमा संलग्न कसैलाई पनि नछोडियोस् ।



**- सुर्यप्रसाद आचार्य**

डिजेल/पेट्रोलको होस् या विद्युतीय होस्, काठमाडौं उपत्यकाको लागि निजी सवारी साधन शहरी यातायात व्यवस्थापनका लागि समस्याको कारक हो । तर, निजी सवारीमा ठूलो व्यापार छ, नाफा छ । शक्तिशाली लविङ्ग छ । समाजको आवश्यकता विद्युतीय मास ट्रान्जिट हो । तर, यसका लागि आवाज उठाउने समूह सानो छ, शक्तिहिन छ ।



**- केपी ढुंगाना**

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र शेरबहादुर देउवा नेतृत्वमा रहेको सरकारको मन्त्रिपरिषद्ले गरेको निर्णय यो ठगीको हतियार बनेको छ । तर, दुवै पूर्वप्रम प्रहरी हिरासतबाहिर छन् । पत्याएकाले धोका दिएको नि भन्न सकेका छैनन् दुवैले । न राज्यसँग माफी नै मागेका छन् ।



**- निर्मल प्रसाइँ**

एकातिर उच्च पदस्थहरुको सम्पत्ति छानबिन गर्ने भन्ने, अर्कोतिर देखिएका संलग्नहरु नपक्रिने, गाडीको डिकीमा पैसा भराउने अख्तियार प्रमुखको राजिनामा नलिने, रायमाझी र खाँणको हातमा हत्कडी नलगाउने, लडाकू शिविरको फाइल नखोल्ने, वाइडबडी र ललितानिवास केश दबाउने । पत्याइएन ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | राजकीय कार्यमा वृद्धि हुनेछ । धन आर्जन हुने योग छ । |
| वृष | : | नयाँ सम्पर्क बढ्नेछ । जग्गा खरीद हुने योग छ । |
| मिथुन | : | कार्य सफल हुनेछ । पेटसम्बन्धी समस्याको योग छ । |
| कर्कट | : | प्रतिष्ठामा वृद्धि, धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| सिंह | : | राम्रो आय प्राप्त हुनेछ । स्वास्थ्य गडबड हुने योग छ । |
| कन्या | : | स्वास्थ्य लाभ हुनेछ । शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । |
| तुला | : | विनम्रतासित कार्य गर्नु राम्रो हुनेछ । नयाँ काम बन्ने योग छ । |
| वृश्चिक | : | विधार्थीहरुको कार्यमा प्रगति, नयाँ सम्पर्क बन्ने छ । |
| धनु | : | पारिवारिक सदस्यमा वृद्धि हुनेछ । मांगलिक कार्य हुने योग छ । |
| मकर | : | राजनैतिक सहयोग प्राप्त हुन्छ । नयाँ मित्र बन्ने योग । |
| कुम्भ | : | लापरबाहीले गर्दा अशान्ति र कार्यमा रुकावटको योग छ । |
| मीन | : | नौलो कार्य प्रारम्भ हुन्छ । बाहन खरिद हुने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नक्कली शरणार्थी प्रकरणमाथि उब्जेका प्रश्न

विचार



● खिमराज गिरी

*जे-जसरी घटना सतहमा आयो, यसले नेपालमा नीतिगत भ्रष्टाचारको तह कति भयावह खालको रहेछ भन्ने उजागर गरेको छ । भ्रष्टाचारका निम्ति राजनीतिक नेतृत्व, कर्मचारी संयन्त्र र बिचौलिया कुन तहसम्म साँठगाँठ गर्ने रहेछन् स्पष्ट हुन्छ । धेरैलाई यो घटनाले निकै आश्चर्यचकित पनि बनाएको छ ।*

नक्कली शरणार्थी प्रकरण जसरी सतहमा आयो, यसका अनेकन कारण होलान् । कतिपयले अमेरिकाको चासोका कुरा पनि गरेका छन् । तथापी, जसरी सतहमा आएपनि यो प्रकरणमाथि निष्पक्ष छानबिन होस् र नेपालमाथि अन्तराष्ट्रियरुपमै लागेको कालो धब्बा मेटियोस् भन्ने आम चाहना छ । तर, घटना त्यतातिर नजाने हो कि भन्ने पनि आंशका जन्मिरहेको छ । यदि दोषिहरु उम्कने गरी छानबिन प्रक्रियालाई लगियो भने नेपालको छबि अन्तराष्ट्रिय स्तरमा थप धुमिल हुनेछ । जसतर्फ ध्यान दिइनु अहिलेको आवश्यकता हो ।

जे-जसरी घटना सतहमा आयो, यसले नेपालमा नीतिगत भ्रष्टाचारको तह कति भयावह खालको रहेछ भन्ने उजागर गरेको छ । भ्रष्टाचारका निम्ति राजनीतिक नेतृत्व, कर्मचारी संयन्त्र र बिचौलिया कुन तहसम्म साँठगाँठ गर्ने रहेनछन् स्पष्ट हुन्छ । धेरैलाई यो घटनाले निकै आश्चर्यचकित पनि बनाएको छ । चर्चित राजनीतिक विश्लेषक मुमाराम खनालको विश्लेषण छ- लामो समयदेखि चर्चा हुँदै आएको नीतिगत भ्रष्टाचार, राज्यदोहन र बेथितिलाई केवल सुशासन, पारदर्शिता, जवाफदेहीसम्म सीमित गरेर विश्लेषण हुँदै आएको थियो तर, राजनीतिक दलहरु र राज्यव्यवस्थाको संस्थागत पतनको गहिराई यो स्तरसम्म पुगिसकेको आकंलन गरिएको थिएन ।

वास्तवमा नेपालमा नीतिगत भ्रष्टाचारमा राजनीतिक नेतृत्व र तिनीहरुबाट पालित पोषीत केही जिम्मेवार कार्यकर्ता र कर्मचारीहरुको भूमिका देखिन्छ । यस्ता प्रकरणमा तलदेखि माथिसम्मकै नेतृत्वलाई कारबाही गर्नेगरी अगाडि बढ्नुपर्छ । विश्वका उदाहरण हेर्दा, कुनै दल आबद्ध सांसद भ्रष्ट भयो भने त्यसको जिम्मेवारी दल नेताले पनि लिनुपर्छ, सरकारको मन्त्रीले भ्रष्टाचार गऱ्यो भने त्यसको जिम्मा प्रधानमन्त्रीले पनि लिनुपर्छ । तर, हाम्रोमा त्यो खालको परिपाटी छैन । आज जुन तहमा भ्रष्टाचारको घटना सतहमा आएको छ, त्यो तहमा छानबिन प्रक्रिया अघि बढ्ने सम्भावना कमजोर देखिन्छ ।

आज भ्रष्टाचारको यी घटनाले जनतामा ठूलो आक्रोश पैदा गराएको छ । सामान्य ग्रामीण भेगको जनतामा पनि यो भ्रष्ट संरचनाको जरो उखेल्नुपर्ने बुझाई विकास भएको छ । जनताहरु जसरी सडकमा स्वत:स्फूर्त देखिएका यसले पनि जनतामा ठूलो सचेतना र भ्रष्टाचारविरुद्ध आन्दोलनको सुरुवात भएको देखिन्छ ।

निष्कर्षमा, जसरी भ्रष्टाचारको फाइल खोलियो यसको किनारा लगाउनु आवश्यक छ । यसमा कुनै दोषी नउम्कने र कुनै निर्दोष फसाइने अवस्था बन्नु हुँदैन । तथापी, नक्कली भुटानी शरणार्थी प्रकरणमा जसरी राजनीतिक तहको संलग्नता देखिएको छ, यसले प्रकरणले किराना पाउला भन्ने सम्भावना कमजोर देखिन्छ । आज सत्तासिन र प्रतिपक्ष सबै यो घटनामा मुछिएका छन् । यस्तो अवस्थामा यो घटनालाई राजनीतिक लेनदेनको मुद्दा त बनाइन्न ? प्रश्न उब्जिन्छ । एउटा घटनालाई जोगाउन, अर्को घटना लुकाउने प्रचलन यसअघिदेखि नै हुँदै आएको हो । जसको निरन्तरता यस घटनामा हुँदैन भन्ने सुनिश्चितता देखिन्न ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# युक्रेन संकट समाधानका लागि भारतले सक्दो प्रयास गर्छ : मोदी



**काठमाडौं/एजेन्सी–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग भेटवार्ता गर्दै युक्रेन संकट समाधानका लागि भारतको 'सक्दो प्रयास' रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

जापानको हिरोसिमामा भएको आर्थिकरूपमा सम्पन्न विश्वका सात प्रमुख राष्ट्रहरूको समूह (जी-सेभेन) शिखर सम्मेलनका क्रममा मोदीले भने, 'म तपाईंको पीडा र युक्रेनी नागरिकको पीडा राम्ररी बुझेको छु । समस्यालाई समाधान गर्न भारत र व्यक्तिगत रूपमा म जे गर्न सक्छौं त्यो गर्नेछौं ।'

१५ महिनाअघि रूसले आक्रमण शुरु गरेयता दुई नेताको पहिलो व्यक्तिगत भेटघाट हो । जेलेन्स्कीको टेलिग्राम अकाउन्टमार्फत् एक पोस्टमा भनिएको छ, 'उहाँले हाम्रो देशको क्षेत्रीय अखण्डता र सार्वभौमिकतालाई समर्थन गरेकोमा भारतलाई धन्यवाद दिनुभएको छ ।'

जेलेन्स्कीले युद्धग्रस्त देशलाई मानवीय सहायता प्रदान गरेकोमा मोदीलाई धन्यवाद दिँदै युक्रेनले अघि सारेको 'शान्ति सूत्र' पहलको कार्यान्वयनमा सामेल हुन भारतलाई आमन्त्रण गरेका छन् ।

युक्रेनलाई अत्याधुनिक लडाकू विमान खरिदका लागि अमेरिकी स्वीकृति प्राप्त गरेपछि जेलेन्स्की शनिबार अपराह्न हिरोसिमा पुगेका थिए । उनले जी-७ साथै आमन्त्रित प्रमुख विकसित प्रजातान्त्रिक मुलुकका नेताहरू सम्मेलनमा सहभागी हुन हिरोसिमा पुगेका छन् ।

मोदीले रूसको आक्रमणपछि भारतीय विद्यार्थीलाई प्रदान गरिएको सहयोगका लागि जेलेन्स्कीलाई धन्यवाद दिएका थिए ।

युक्रेनी नेताले यसअघि इटालियन प्रधानमन्त्री जियोर्जिया मेलोनी र बेलायतका ऋषि सुनकसँग पनि वार्ता गरेका छन् । उनले सुनकसँग केही दिनअघि युरोपेली मित्रराष्ट्रहरूको भ्रमणका क्रममा भेटवार्ता गरेका हुन् ।

टेलिग्राममा जेलेन्स्कीले अन्तर्राष्ट्रिय लडाकू जेट गठबन्धनमा बेलायतको नेतृत्वका लागि सुनकलाई धन्यवाद दिएको बताएका थिए ।

युरोपेली परिषद्का अध्यक्ष चार्ल्स मिसेलसँगको छलफलका क्रममा जेलेन्स्कीले युक्रेनी कृषि उत्पादनमा निर्यात प्रतिबन्ध र जुन ५ पछि थपएिका उपायहरूको 'अस्वीकार्यता' बारे आवाज उठाएको पनि उनले आफ्नो टेलिग्राम अकाउन्टमा बताएका छन् ।

ईयूले छिमेकी देशहरूका अतिरिक्त आपूर्तिलाई कम गर्न मद्दत गर्न धेरै युक्रेनी उत्पादनहरूको आयातमा प्रतिबन्धहरूलाई जुन ६ सम्मका लागि अनुमोदन गरेको छ ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले जेलेन्स्कीको व्यक्तिगत भ्रमणको निर्णयको प्रशंसा गर्दै विकासशील देशहरूसँग संलग्न हुने अवसर 'परिवर्तनको खेल' हुन सक्ने बताएका छन् ।

## भारत र अमेरिका प्रतिरक्षा सहयोग बढाउँदै

**काठमाडौं/एजेन्सी–** भारत र अमेरिकाले पारस्परिक प्रतिरक्षा सहयोगलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै त्यसलाई अझ सघन बनाउनुपर्नेमा जोड दिएका छन् । गत बुधबार वासिङ्टनमा दुवै देशका रक्षा सचिवबीच भएको बैठकमा प्रतिरक्षा एवम् औद्योगिक सहयोगलाई अझ सघन बनाउने सहमति भएको हो ।

भारतका रक्षा सचिव गिरिधर अर्माने र उनका अमेरिकी समकक्षी कोलिन काहल नेतृत्वको द्विपक्षीय बैठकमा भारत-अमेरिका रक्षा साझेदारीको प्रगति समीक्षाका साथै त्यसलाई अझ घनीभूत तुल्याउनेबारेमा छलफल भएको रक्षा मन्त्रालयले जनाएको छ । सचिवद्वयले भारत-अमेरिका रक्षा नीति समूहको १७ औं बैठकको सहअध्यक्षता पनि गरेका थिए ।

रक्षा मन्त्रालयका अनुसार बैठकमा भारत-अमेरिका सैन्य सहायता, द्विपक्षीय प्रतिरक्षा सम्झौताको कार्यान्वयन, हिन्द महासागर क्षेत्रमा जारी सैन्य अभ्यास, साझेदारीका भावी परियोजनाका महत्वपूर्ण पक्षमा छलफल भएको थियो । प्रविधि साझेदारी, दीर्घकालीन अनुसन्धान र विकास, आपूर्ति शृंखला, सुरक्षा सुधारलगायत प्रतिरक्षा तथा औद्योगिक सहयोग अभिवृद्धिमा छलफल केन्द्रित थियो ।

प्रतिरक्षासँग सम्बन्धित भारतीय र अमेरिकी प्रतिष्ठानहरूले मिलेर काम गर्न सक्ने सम्भावित क्षेत्र र परियोजनासहित भारतमा सह-विकास एवम् सह-उत्पादनलाई प्रवर्द्धन गर्ने बारेमा पनि छलफल भएको रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । निजी र सरकारी क्षेत्रबीचको साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्दै नवप्रवर्तनका परियोजनामा मिलेर काम गर्न दुवै पक्षले सहमति जनाएका छन् ।

### भूल सुधार

मिति २०८०/०२/०३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **BRUNEI** मा रोजगारको अवसर शिर्षक, कम्पनी: **DE ARAB SDN BHD ( Makanan Arab),** पूर्व स्वीकृत मिति २०८०/०२/०२, को विज्ञापनमा **LT. No.: 286036** र चलानी नं.: **६०२०१४५२** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

A.N.S. ASSOCIATES PVT. LTD.
ए.एन.एस. एशोशिएट्स प्रा. लि.
Govt. Lic. no.: 473/060/61
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179/9812735209 E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०२/०७**

**एस.जी. पोलिक्लिनिक प्रा.लि.**को विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मन्नत हस्पिटल प्रा.लि. (प्रा. लि. नं.: २९६२१४/०७९/०८०)** कायम गर्ने गरी मिति २०७९/११/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### अधिकृत वारेसनामा बदर गरिदिएको सूचना

स्व.बद्रीदास खेतानको नाती गोवर्धन दास खेतानको छोरा हाल का. जि.का.म.न.पा. वडा नं. ११ बस्ने रतन कुमार खेतान र ऐ.को नाती ऐ.ऐ. को छोरा ऐ.ऐ. बस्ने रमेश कुमार खेतान समेत जना २ आगे हाम्रो नाममा समेत संयुक्त दर्ता श्रेष्ता कायम रहेको जिल्ला नेपालगंज ना.पा.वडा नं. १० सिट नं. ०३५-४९००१ कि.नं. ३० जग्गाको अधिकृत वारेसनामा चतुरधोज खुलालको नाती छत्र बहादुर खुलालको छोरा खोटाङ जिल्ला डुम्रे धारापानी ७ को लामिडाँडा गा.पा. वडा न. ४ बस्ने दिपक कुमार खुलाललाई का.जि.अ.का माननीय जिल्ला न्यायाधीशज्यूको रोहबरमा गरिदिएको अधिकृत वारेसनामाको लिखत आजैको मितिदेखि बदर गरिदिएको सूचना सर्बसाधारणका लागि जानकारी गराउँदछौं ।

### नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०२/०७

यस कम्पनीको मिति २०७६।०५।२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी डि.एस.एन. प्रा.लि.मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम डिजिटल सिस्टम नेपाल प्रा.लि. ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ढारको कार्यालयबाट समेत मिति २०७६/०६ /०९ गतेको निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी डिजिटल सिस्टम नेपाल प्रा.लि.(प्रा.लि.नं.११२९८२/६९/०७०) कायम गरिएको ब्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ।

### नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०२/०७)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०२/१४

**बोलपत्र खोलिने मिति**
२०८०/०२/१६ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | सवारी साधन खरिद कर्जा | **१) ऋणी : रमेश के.सी.**<br>(ना.प्र.नं. ३६१०३८/१८०३, मिति २०६७/०३/०३ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>ठेगाना : सुनवल ०४, नवलपरासी<br>बाबु : सुन्दर बहादुर कार्की क्षेत्री<br>बाजे : ज्ञान बहादुर कार्की क्षेत्री<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**दिल माया गुरुङ्ग**<br>(ना.प्र.नं. ३६१०३९/१००९, मिति २०६८/०८/०६ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>पति : रमेश के.सी.<br>ससुरा : सुन्दर बहादुर कार्की क्षेत्री | यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :<br>कम्पनीको नाम :<br>MARUTI SUZUKI LTD<br>सवारीको मोडेल : SWIFT ZXI<br>निर्माण वर्ष : 2016<br>ईन्जिन नं. : K12MN1802233<br>च्यासिस नं. : MA3EHKD1500B20752<br>सवारी दर्ता नं. : बा १५ च ५८८५ |
| २. | घर कर्जा | **२) ऋणी : कल्पना स्याङबो र मान बहादुर स्याङबो**<br>ठेगाना : हेटौडा ०४, मकवानपुर<br>**(क) कल्पना स्याङबो**<br>(ना.प्र.नं. ३१३०२२/६४१, मिति २०६३/११/२९ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>पति : सन्जय स्याङबो<br>ससुरा : मान बहादुर स्याङबो<br>**(ख) मान बहादुर स्याङबो**<br>(ना.प्र.नं. ३४७, मिति २०४३/०९/०४ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : यम्बर बहादुर स्याङबो<br>बाजे : पूर्ण बहादुर स्याङबो<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. धन बहादुर स्याङबो**<br>(ना.प्र.नं. १५/११३६४, मिति २०६०/१०/२० मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : मान बहादुर स्याङबो<br>बाजे : यम्बर बहादुर स्याङबो<br>**२. सन्जय स्याङबो**<br>(ना.प्र.नं. १५/११३६५, मिति २०६०/१०/२० मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : मान बहादुर स्याङबो<br>बाजे : यम्बर बहादुर स्याङबो<br>**३. दिपेन स्याङबो**<br>(ना.प्र.नं. ३११०२२/७२४९९, मिति २०६७/०३/०८ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : मान बहादुर स्याङबो<br>बाजे : यम्बर बहादुर स्याङबो | मान बहादुर स्याङबोको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, बसामाडी गा.वि.स./न.पा. वडा नं. ०५ स्थित कि.नं. ४१८० (०-०-१०-० विगाहा) क्षेत्रफल भएका घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । |
| ३. | विविध कर्जा | **३) ऋणी : लक्ष्मी ट्र्याक्टर स्पेयर पार्टस एण्ड** सर्भिसिङ्ग सेन्टर<br>प्रा.फ.र.नं. : १७३२/०७१/०७२<br>ठेगाना : मन्थली ०२, रामेछाप<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. तुला देवी खड्का**<br>(ना.प्र.नं. २१३०१८/२२७, मिति २०६३/११/०५ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>बाबु : डम्बर बहादुर खड्का<br>बाजे : डबल बहादुर खड्का<br>**२. प्रभु शर्मा लोहार**<br>(ना.प्र.नं. ३३३०७९/९५३, मिति २०६३/११/२४ मा जि.प्र.का. बाराबाट जारी भएको)<br>बाबु : जोखन ठाकुर लोहार<br>बाजे : शिव प्रसाद शर्मा | तुला देवी खड्काको नाममा रामेछाप जिल्ला मालपोत कार्यालय मन्थली, रामेछापमा दर्ता कायम रहेको रामेछाप जिल्ला, भलुवाजोर गा.वि.स./न.पा. वडा नं. ४(क) स्थित कि.नं. २४५३(०-३-०-० रोपनी) र कि.नं. २५६९ (०-४-२-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

### मलेसियामा रोजगार | कम्पनी: GOLDEN POLYPACK SDN BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०८०/०२/०६ चलानी नं.: ६०२०१७१९ LT. No.: 286369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 3 | 0 | स. काममा दक्ष | 1500 | ४३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १४ गते (28 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

क्लासिक ओभरसिज मेनपावर प्रा. लि.
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४५६५७५३, फ्याक्स: ०१-४५६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

### SAUDI मा रोजगार | कम्पनी: ENERGY CLOTHES CLEANING LAUNDRY EST
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१७१५ LT. No.: 286169

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Labour | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: HANAN BINT MOHAMMED BIN ABDULLAH AL SHEHAB FACTORY FOR INDUSTRY शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१७१४ LT. No.: 286321

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १४ गते (28 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
Govt Lic No.: 842/066/067
Tokha -05, Kathmandu Nepal, Tel: 01- 5910923
E-mail : kpintloverseas@gmail. com

### KUWAIT मा रोजगार | कम्पनी : APPAREL GENERAL TRADING W.L.L.
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१७१८ LT. No.: 286320

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 10 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४२,९५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Associate | 40 | 30 | | 140 | ६०,१३४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० जेठ १४ गते (28 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

### कुवेत र साउदीमा रोजगारको अवसर | १. कम्पनी: AL SABAH PEARL POLY CLINIC
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१६८२ LT. No.:286291

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 2 | स. काममा दक्ष | 110 | ४७,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: GLADA TRADING COMPANY शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१६८० LT. No.:286290

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १४ गते (28 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD.
सुगम ओभरसिज प्रा. लि.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

### कतारमा रोजगार | कम्पनी: AL BASMA FOR HOSPITALITY AND CLEANING SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०२/०५ चलानी नं.: ६०२०१६९३ L.T. No.:286258

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker (Female) | 0 | 4 | स. काममा दक्ष | 1200 | ४३,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ १४ गते (28 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Yatra H.R. Solution Pvt. Ltd.
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
Gov. Lic No. 1096/073/074
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

### मलेसियामा रोजगारको अवसर | कम्पनी: KC PRIMA SDN BHD
शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०८०/०२/०६ चलानी नं.: ६०२०१७२४ LT. No.: 286396

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 4 | 0 | स. काममा दक्ष | 1500 | ४३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० जेठ १४ गते (28 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ना विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

GOOD EARTH INTERNATIONAL PVT.LTD.
Basbari- 3, Kathmandu, Nepal. TEL: 01- 5912258, 5912259
Email: goodearthint58@gmail.com
श्रम इजाजत पत्र नं १५५८/०७९/०८०

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

# यस बैंकको विभिन्न शाखा कार्यालयबाट धितो सुरक्षणमा रहेको चल सम्पत्ति (सवारी साधन) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८०/०२/०७**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्तिहरु (सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताहरुको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सवैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

## तपसिल

| क्र.सं. | ऋणीको विवरण | धनजमानीकर्ताको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **आश नारायण राजवंशी**<br>ना.प्र.नं. :०५-०१-६९-०७९२७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>बाबु :सुकलाल राजवंशी<br>बाजे : रतिलाल राजवंशी<br>ठेगाना :सिधाहा-०१मोरङ्ग।<br>**शाखा कार्यालय : विराटनगर**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **सुकलाल राजवंशी**<br>ना.प्र.नं. : २७२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>बाबु : रतिलाल राजवंशी<br>बाजे : नटे लाल राजवंशी<br>ठेगाना : झोराहाट-०८, हाल सिधाहा-०१ मोरङ्ग | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW3020134<br>च्यासिस नं. : MBX0002JFWH701319<br>दर्ता नं. : को २ ह ३७८४ |
| २. | **विनोद कुमार चौधरी**<br>ना.प्र.नं. : ८७९०/९७९०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी।<br>बाबु : मुक्तिलाल चौधरी<br>बाजे : नैवीलाल चौधरी<br>ठेगाना : चिमडी-०४,हाल बर्जु-६ सुनसरी।<br>**शाखा कार्यालय : विराटनगर**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **फूलो चौधरी**<br>ना.प्र.नं. : ६१७१६/६२७१६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>पति : विनोद कुमार चौधरी<br>ससुरा : मुक्तिलाल चौधरी<br>ठेगाना : चिमडी-०४, हाल बर्जु-६, सुनसरी। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEM EW3017126<br>च्यासिस नं. : MBX0002JFWE651789<br>दर्ता नं. : को २ ह २४७० |
| ३. | **लाल कुमार राजवंशी**<br>ना.प्र.नं. : ३६९५/६०४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>बुबा : फुटना लाल राजवंशी<br>बाजे : गुण्डा लाल राजवंशी<br>ठेगाना : वरडगां -०६, हाल सुनवर्षी -०७ मोरङ्ग।<br>**शाखा : विराटनगर**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **तालो देवी राजवंशी**<br>ना.प्र.नं. : ०५३०३४/२२१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>पति :लाल कुमार राजवंशी<br>ससुरा : फुटना लाल राजवंशी<br>ठेगाना : वरडगां -०६, हाल सुनवर्षी -०७ मोरङ्ग। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१९<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPAXAW3002507<br>च्यासिस नं. : MBX0005AFXA795309<br>दर्ता नं. : प्रदेश १-०२ ००२ ह ८५०७ |
| ४. | **लल्लु खत्वे**<br>ना.प्र.नं. : ०५-०१-७४-००२६२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>बाबु : वासुदेव खत्वे<br>बाजे : तुरही खत्वे<br>ठेगाना : विराटनगर-१५ , मोरङ्ग<br>**शाखा कार्यालय : विराटनगर**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **राधा देवी खत्वे**<br>ना.प्र.नं. : ९५३२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>पति : वासुदेव खत्वे<br>ससुरा : तुरही खत्वे<br>ठेगाना : विराटनगर-२१, हाल विराटनगर-१५ मोरङ्ग<br>**रविन्द्र खत्वे**<br>ना.प्र.नं. : ०५-०१-७४-०२८३३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>बाबु : वासुदेव खत्वे<br>बाजे : तुरही खत्वे<br>ठेगाना : विराटनगर-१५ , मोरङ्ग | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMAV3014529<br>च्यासिस नं. : MBX0002JFVB593592<br>दर्ता नं. : को २ ह १६०३ |
| ५. | **पवन कुमार राजवंशी**<br>ना.प्र.नं. : २०/०४६/४७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>बाबु : परशुराम राजवंशी<br>बाजे : फुलाई राजवंशी<br>ठेगाना : विराटनगर-०३, हाल विराटनगर-०२ मोरङ्ग।<br>**शाखा कार्यालय : विराटनगर**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **किरण राजवंशी**<br>ना.प्र.नं. : ६१४०९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ<br>पति : पवन कुमार राजवंशी<br>ससुरा : परशुराम राजवंशी<br>ठेगाना : विराटनगर-०३, हाल विराटनगर-०२ मोरङ्ग। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMJW3021176<br>च्यासिस नं. : MBX0002JFWJ711272<br>दर्ता नं. : को २ ह ४२८१ |
| ६. | **श्रवण कुमार महतो**<br>ना.प्र.नं. २१००१/२४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>बुबा : विपत लाल महतो<br>बाजे : शन्धारी महतो<br>ठेगाना :टकुवा -०४, हाल सुनवर्सी- ०७ मोरङ्ग।<br>**शाखा : विराटनगर**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **कला कुमारी महतो**<br>ना.प्र.नं. : १४९४९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>पति : श्रवण कुमार महतो<br>ससुरा : शन्धारी महतो<br>ठेगाना :आइगाछी -०३ , हाल सुनवर्सी -०७ मोरङ्ग। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०२०<br>मोडल : APE CITY<br>ईन्जिन नं. : AMBAFHY3001590<br>च्यासिस नं. : MBX0004FFLH040685<br>दर्ता नं. : प्रदेश १-०२ ००३ ह ६२५ |
| ७. | **सुन्दर लाल साह**<br>ना.प्र.नं. : ०५२०१९/१८४२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>बुबा : हिरालाल साह<br>बाजे : तेज लाल साह<br>ठेगाना : डाइनिया -०६, हाल सुनवर्षी -०९ मोरङ्ग।<br>**शाखा : विराटनगर**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **हेमन्ती कुमारी**<br>ना.प्र.नं. : १११५४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>पति : सुन्दर लाल साह<br>ससुरा : हिरालाल साह<br>ठेगाना : डाइनिया -०६, हाल सुनवर्षी-०९ मोरङ्ग। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१९<br>मोडल : APE CITY<br>ईन्जिन नं. : AMBAFHX3001231<br>च्यासिस नं. : MBX0004FFXK936456<br>दर्ता नं. : प्रदेश १-०२ ००३ ह २५१ |
| ८. | **अरुण पाल**<br>**ना.प्र.नं. : ४१८९७/२३८९७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी।<br>बाबु : राम कृष्ण पाल<br>बाजे : नईनई पाल<br>ठेगाना : प्रकाशपुर-०७, हाल बर्जु-६ सुनसरी।<br>**शाखा कार्यालय : विराटनगर**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **इन्द्रावती राजवंशी**<br>**ना.प्र.नं. : ०५२५६७५/९६४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग।<br>बाबु : बल वहादुर लाल राजवंशी<br>बाजे : बद्री नारायण राजवंशी<br>ठेगाना : सोराभाग -०८ मोरङ्ग, हाल बर्जु-६ सुनसरी। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMJW3022213<br>च्यासिस नं. : MBX0002JFWK728923<br>दर्ता नं. : को २ ह ५६८६ |
| ९. | **अदिप राई**<br>**ना.प्र.नं. : ०७१०१८/९०९**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, धनकुटा।<br>बाबु : पलम बहादुर राई<br>बाजे : मनसुवा राई<br>ठेगाना : खोकु-०५, हाल इटहरी-०४, सुनसरी।<br>**शाखा कार्यालय : इटहरी**<br>**कर्जा : डि एस एल रिक्सा कर्जा** | **पलम बहादुर राई**<br>**ना.प्र.नं. : २०८७०**<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, धनकुटा।<br>बाबु : मनसुवा राई<br>बाजे : थाहा नभएको<br>ठेगाना : खोकु-०५, हाल इटहरी-०४, सुनसरी। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW3020153<br>च्यासिस नं. : MBX0002JFWH692169<br>दर्ता नं. : को २ ह ३४२३ |
| १०. | **ललित कामैत**<br>**ना.प्र.नं. : १६-०१-७०-०१४२६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी<br>बाबु : विसुन देव कामैत<br>बाजे : प्रयाग लाल कामैत<br>ठेगाना : कोइलाडी-०२ हाल तिलाठी कोईलाडी-०४, सप्तरी।<br>**शाखा कार्यालय : राजविराज**<br>**कर्जा शीर्षकः डि.एस.एल. रिक्सा कर्जा** | **अनिता देवी कामैत**<br>**ना.प्र.नं. : १६-०१-७५-०७१००**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी<br>पति : ललित कामैत<br>ससुरा : विसुन देव कामैत<br>ठेगाना : तिलाठी कोईलाडी-०४, सप्तरी। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW3020638<br>च्यासिस नं. : MBX0002JFWH704828<br>दर्ता नं. : स १ ह ३४६५ |
| ११. | **इन्द्र कान्त दास**<br>**ना.प्र.नं. : १६१०५९/४५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी ।<br>बाबु : भागवत दास<br>बाजे : देवन दास<br>ठेगाना : वसीवटी-७, हाल रुपनी-०५, सप्तरी<br>शाखा कार्यालय : राजविराज<br>कर्जा शीर्षक : डि.एस.एल.रिक्सा कर्जा | **दिपा कुमारी दास**<br>**ना.प्र.नं. : १६-०१-६९-०५२०६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी<br>पति : इन्द्र कान्त दास<br>ससुरा : भागवत दास<br>ठेगाना : प्रशवनी-६, हाल रुपनी-०५, सप्तरी | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW3020626<br>च्यासिस नं. : MBX0002JFWJ710299<br>दर्ता नं. : स १ ह ३५०१ |
| १२. | **प्रदिप महरा**<br>**ना.प्र.नं. : १७१०५०/१११६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा।<br>बाबु : लटुवा महरा<br>बाजे : किसुन महरा<br>ठेगाना : यज्ञभुमी -०१, हाल यज्ञभुमी -०८ धनुषा।<br>**शाखा कार्यालय : मिर्चैया**<br>**कर्जा शीर्षक : डि.एस एल रिक्सा कर्जा** | **रंजु कुमारी महरा**<br>**ना.प्र.नं. : १७-०१-७५-१३१८५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा<br>पति : प्रदिप महरा<br>ससुरा : लटुवा महरा<br>ठेगाना : धनुषाधाम-०८, हाल यज्ञभुमी -०८ धनुषा। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW3020136<br>च्यासिस नं. : MBX0002JFWH702603<br>दर्ता नं. : स १ ह ३०४० |
| १३. | **चन्द्र किशोर मण्डल**<br>**ना.प्र.नं. : १७१०५०/३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा।<br>बाबु : रामरतन मण्डल केवट<br>बाजे : रामधनि मण्डल<br>ठेगाना : यज्ञभूमी-०१ धनुषा, हाल गणेशमान चारनाथ -०८ धनुषा।<br>**शाखा कार्यालय : मिर्चैया**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **सोमनी कुमारी**<br>**ना.प्र.नं. : १७१०५०/१३६३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, धनुषा<br>पति : चन्द्र किशोर मण्डल<br>ससुरा : रामरतन मण्डल केवट<br>ठेगाना:यज्ञभूमी-०१,धनुषा,हाल धनुषाधाम-०८ धनुषा। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMGW3019921<br>च्यासिस नं. : MBX0002JFWH700471<br>दर्ता नं. : प्रदेश २-०२००१ह ०१३४ |
| १४. | **सुनिता कुमारी साह**<br>**ना.प्र.नं. : ३२२०८०/४७५४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : आत्माराम साह<br>ससुरा : जोगि साह कल्वार<br>ठेगाना : च.पुर-०५, हाल चन्द्रपुर-०५, रौतहट।<br>**शाखा कार्यालय : चन्द्रपुर**<br>**कर्जा शीर्षक : डि एस एल रिक्सा कर्जा** | **आत्मा राम साह**<br>**ना.प्र.नं. : २२८४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : जोगि साह कल्वार<br>बाजे : नानीपत साह<br>ठेगाना : धर्मपुर-०३, हाल चन्द्रपुर-०५, रौतहट। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMJW3022512<br>च्यासिस नं. : MBX0002JFWK733011<br>दर्ता नं. : ना २ ह ५६४५ |
| १५. | **शेख मोहमद समिम**<br>**ना.प्र.नं. : ३२२०६३/४८८९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : शेख अब्दुल्लाह<br>बाजे : शेख मजिद<br>ठेगाना : कनकपुर-०२, हाल गुजरा-०४, रौतहट।<br>**शाखा कार्यालय : चन्द्रपुर**<br>**कर्जा शीर्षक : सवारी कर्जा** | **शेष मजिवुल्लाह**<br>**ना.प्र.नं. : ११६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : शेख अब्दुल्लाह<br>बाजे : शेख मजिद<br>ठेगाना : कनकपुर-०२, हाल गुजरा-०४, रौतहट। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMCV3016131<br>च्यासिस नं. : MBX0002JFVC 614661<br>दर्ता नं. : ना २ ह ५३८० |
| १६. | **रेखा कुमारी चौधरी**<br>**ना.प्र.नं. : ३२-०१-६९-०७२९१**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : श्याम वावु साह<br>ससुरा : ढागा साह कल्वार<br>ठेगाना : दिपही-०३, रौतहट।<br>**शाखा कार्यालय : चन्द्रपुर**<br>**कर्जा शीर्षक : डि एस एल रिक्सा कर्जा** | **श्याम वावु साह**<br>**ना.प्र.नं. : ३९४५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : ढागा साह कल्वार<br>बाजे : मर्हासिर साह<br>ठेगाना : दिपही-०३, रौतहट। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMGW3019595<br>च्यासिस नं. : MBX0002JFWH691288<br>दर्ता नं. : ना २ ह ५६३७ |
| १७. | **कन्चन कुमारी**<br>**ना.प्र.नं. : ३२३०८०/६६६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : राम एकवाल साह<br>ससुरा : जोगी साह कल्वार<br>ठेगाना : कटहरीया-०८, हाल चन्द्रपुर-०५, रौतहट।<br>**शाखा कार्यालय : चन्द्रपुर**<br>**कर्जा शीर्षक : सवारी कर्जा तथा अल्पकालीन कर्जा** | **राम एकवाल साह**<br>**ना.प्र.नं. : ४००**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : जोगी साह कल्वार<br>बाजे : नानीपात साह<br>ठेगाना : धर्मपुर-०३, हाल चन्द्रपुर-०५, रौतहट। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMJW3021661<br>च्यासिस नं. : MBX0002JFWK732504<br>दर्ता नं. : ना २ ह ५३८४ |
| १८. | **गैजु साह**<br>**ना.प्र.नं. : ३२-०१-७१-०४०८३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : भिखारी साह<br>बाजे : पन्चीत साह<br>ठेगाना : इनर्वा-०१, हाल चन्द्रपुर-०५, रौतहट।<br>**शाखा कार्यालय : चन्द्रपुर**<br>**कर्जा शीर्षक : डि एस एल रिक्सा कर्जा** | **परमसिला देवी**<br>**ना.प्र.नं. : ३२-०१-७१-०३९९६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : भिखारी साह<br>ससुरा : पन्चीत साह<br>ठेगाना : इनर्वा-०४, हाल चन्द्रपुर-०५, रौतहट। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMGW3019398<br>च्यासिस नं. : MBX0002JFWH689744<br>दर्ता नं. : ना २ ह ५४३० |
| १९. | **अजय प्रसाद जैसवाल**<br>**ना.प्र.नं. : ७९७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>बाबु : महिन्द्र साह<br>बाजे : बनवारी साह<br>ठेगाना : कटहरीया-०८, हाल चन्द्रपुर-०५, रौतहट।<br>**शाखा कार्यालय : चन्द्रपुर**<br>**कर्जा शीर्षक : सवारी कर्जा** | **इन्दु देवी**<br>**ना.प्र.नं. : ९३७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रौतहट<br>पति : अजय प्रसाद जैसवाल<br>ससुरा : महिन्द्र साह<br>ठेगाना : कटहरीया-०८, हाल चन्द्रपुर-०५, रौतहट। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMGW3019690<br>च्यासिस नं. : MBX0002JFWH690083<br>दर्ता नं. : ना २ ह ५३८३ |
| २०. | **धनेश्वर दास**<br>**ना.प्र.नं. : ५७४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,सिराहा<br>बाबु : पुलकित दास<br>बाजे : जनकलाल दास<br>ठेगाना : दुर्गापुर-०३, हाल गोलबजार-१३,सिराहा।<br>**शाखा कार्यालय : गोलबजार**<br>**कर्जा शीर्षक : डि एस एल रिक्सा कर्जा** | **लरुवति दास तत्मा**<br>**ना.प्र.नं. :१५१०४८/८९८३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>पति : धनेश्वर दास<br>ससुरा : पुलकित दास<br>ठेगाना : दुर्गापुर-०३, हाल गोलबजार-१३,सिराहा। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW3020380<br>च्यासिस नं. : MBX0002JFWH707657<br>दर्ता नं. : स १ह ३७२२ |
| २१. | **कुसुम लाल मण्डल धानुक**<br>**ना.प्र.नं. : ७४/६१४५१**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा।<br>बाबु : हरि नारायण मण्डल धानुक<br>बाजे : धनपैत मण्डल<br>ठेगाना : लक्ष्मीपुर प.-०५ , हाल लक्ष्मीपूर पतारी -०४ सिराहा।<br>**शाखा कार्यालय : गोलबजार**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **रेणु देवी मण्डल**<br>**ना.प्र.नं. : १५१०३४/४०७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>पति : कुसुम लाल मण्डल धानुक<br>ससुरा : हरि नारायण मण्डल धानुक<br>ठेगाना : लक्ष्मीपुर पतारी-०५ , हाल लक्ष्मीपुर पतारी -०४ सिराहा। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW3020562<br>च्यासिस नं. : MBX0002JFWJ706202<br>दर्ता नं. : स १ ह ३९२७ |
| २२. | **सुरेन्द्र नेपाली**<br>**ना.प्र.नं. : २५२५०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग<br>बाबु : सिद्धि बहादुर दमाई<br>बाजे : मन बहादुर दर्जी<br>ठेगाना : राजघाट -०९ हाल उर्लावारी-०८, मोरङ्ग<br>**शाखा कार्यालय : उर्लावारी**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **सरिता नेपाली**<br>**ना.प्र.नं. : ०५२०४९/४६७०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग<br>पति : सुरेन्द्र नेपाली<br>ससुरा : सिद्धि बहादुर दमाइ<br>ठेगाना : राजघाट -०९ हाल उर्लावारी-०८, मोरङ्ग | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW3020691<br>च्यासिस नं. : MBX0002JFWH704356<br>दर्ता नं. : मे १ ह ६१६९ |
| २३. | **सन्तोष कुमार पराजुली**<br>**ना.प्र.नं. ०५२००४/६१७६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ।<br>बुबा : रत्नराज पराजुली<br>बाजे : पदम प्रसाद पराजुली<br>ठेगाना : इटहरा-०८, हाल रतुवामाई-१० मोरङ।<br>**शाखा : उर्लावारी**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **सुमीत्रा पराजुली**<br>**ना.प्र.नं. : १७७७०५३००४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ।<br>पति : रत्नराज पराजुली<br>ससुरा : पदम प्रसाद पराजुली<br>ठेगाना : इटहरी-०७, हाल रतुवामाई-१० मोरङ। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMAV3014549<br>च्यासिस नं. : MBX0002JFVB593288<br>दर्ता नं. : को २ ह १५५८ |
| २४. | **टोप बहादुर बादी**<br>**ना.प्र.नं. : ६४-०१-७०-०१९५८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुर्खेत<br>बाबु : डिले बादी<br>बाजे : जिता बादी<br>ठेगाना : सेखभराजुल-०६ सुर्खेत, हाल डुडुवा -५ बाँके<br>**शाखा कार्यालय : नेपालगंज**<br>**कर्जा शीर्षक : सवारी कर्जा** | **गोमती नेपाली**<br>**ना.प्र.नं. : ६६१०१८/१६९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाँके।<br>बाबु : मगले बादी<br>बाजे : सर्के बादी<br>ठेगाना : कम्दी-०९ हाल डुडुवा-५, बाँके। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW3020688<br>च्यासिस नं. : MBX0002JFWH705834<br>दर्ता नं. : भे १ ह ४३३१ |
| २५. | **शर्मा प्रसाद**<br>**ना.प्र.नं. : १६३४/१३२६/३२५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>बाबु : रामनारायण राउत कुर्मी<br>बाजे : फल राउत कुर्मी<br>ठेगाना : बरैनिया-८,हाल विश्रामपुर-२, बारा।<br>**शाखा कार्यालय : वीरगंज**<br>**कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा** | **शारदा देवी**<br>**ना.प्र.नं.: ३३३०८८/८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा।<br>पति : शर्मा प्रसाद<br>ससुरा : रामनारायण राउत कुर्मी<br>ठेगाना : बरैनिया-८, हाल विश्रामपुर-०२ बारा।<br>**ठगीया देवी कुर्मीन**<br>**ना.प्र.नं. : ३१२/८१६/१३२७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा।<br>पति : रामनारायण राउत<br>ससुरा : फल राउत कुर्मी<br>ठेगाना : बरैनिया गा.वि.स.-८, हाल विश्रामपुर गा.पा.-०२ बारा। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१९<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPAXAW3001855<br>च्यासिस नं. : MBX000AFXA788366<br>दर्ता नं. : प्र.२.०३.००१ह३७९ |
| २६. | **समसुल हवारी**<br>**ना.प्र.नं. : २१६४५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>बाबु : असिन मिया धोवी<br>बाजे : मसबुल मिया धोवी<br>ठेगाना : बुनियाद-०५ हाल परवानीपुर-०१, बारा।<br>**शाखा कार्यालय : वीरगंज**<br>**कर्जा शीर्षक : डि.एस.एल. रिक्सा कर्जा** | **आसमा खातुन**<br>**ना.प्र.नं. : ३३-०१-७१-०४८२८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>पति : समसुल हवारी<br>ससुरा : असिन मिया धोवी<br>ठेगाना : बुनियाद-०५ हाल परवानीपुर-०१, बारा। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMJW 3021893<br>च्यासिस नं. : MBX0002JFWJ721066<br>दर्ता नं. : ना २ ह ५३३५ |
| २७. | **राज नारायण दास थारु**<br>**ना.प्र.नं. : ४/१४२१९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा।<br>बाबु : दुखा दास थारु<br>बाजे : भोला दास थारु<br>ठेगाना : उमजन-०७, हाल करैयामाई-०७ बारा।<br>**शाखा कार्यालय : वीरगंज**<br>**कर्जा शीर्षक :विपन्न बर्ग कर्जा (किस्ताबन्दी)** | **सिता देवी थरुनी**<br>**ना.प्र.नं. : ३३३०२७/२१२३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>पति : राज नारायण दास<br>ससुरा : दुखा दास थारु<br>ठेगाना : उमजन-०७, हाल करैयामाई-०७ बारा।<br>**अमित पटेल**<br>**ना.प्र.नं. : ३४-०१-७३-०३८९६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा<br>बाबु : राम कुमार<br>बाजे : जगदिस प्रसाद कुर्मी<br>ठेगाना : वीरगंज-१७, हाल वीरगंज-१४, पर्सा। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMHW 3020385<br>च्यासिस नं. : MBX0002JFWH707824<br>दर्ता नं. : ना २ ह ४५०९ |
| २८. | **मनोज कुमार कुर्मी**<br>**ना.प्र.नं. : ३४-०१-७३-०५५५५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा<br>बाबु : रामाश्रे राउत कुर्मी<br>बाजे : मोटर राउत कुर्मी<br>ठेगाना : वीरगंज-१९ हाल वीरगंज-१६, पर्सा।<br>**शाखा कार्यालय : वीरगंज**<br>**कर्जा शीर्षक : विपन्न बर्ग कर्जा (किस्ताबन्दी)** | **मन्तुरा कुमारी**<br>**ना.प्र.नं. : ३३३०९३/१६०६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>पति : मनोज कुमार कुर्मी<br>ससुरा : रामाश्रे राउत कुर्मी<br>ठेगाना : भतौडा-०३, बारा हाल वीरगंज-१६, पर्सा।<br>**अमित पटेल**<br>**ना.प्र.नं. : ३४-०१-७३-०३८९६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा<br>बाबु : राम कुमार<br>बाजे : जगदिस प्रसाद कुर्मी<br>ठेगाना : वीरगंज-१७, हाल वीरगंज-१४, पर्सा। | **निम्न अनुसारको सवारी साधनः रिक्सा**<br>ठेगाना : नक्सा सिट<br>कम्पनी : PIAGGIO<br>बनेको साल : २०१८<br>मोडल : APE CITY<br>ईन्जिन नं. : TBPEMGW3019919<br>च्यासिस नं. : MBX0002JFWH689976<br>दर्ता नं. : ना २ ह ४४६५ |

बाँकी पृष्ठ ७ मा...

# मुकेश र राजपुरालाई उपाधि

**काठमाडौं/मस–** त्रिभुवन आर्मी क्लबका मुकेश पाल र पुलिस क्लबकी राजपुरा पछाईंले शनिबार राजधानीमा आयोजित नवौं कान्तिपुर हाफ म्याराथन २०२३ को उपाधि जितेका छन्। 'लेट्स गो ग्रिन टुगेदर' नारासहित भएको यसपालिको कान्तिपुर हाफ म्याराथन जित्न मुकेशले १ घन्टा ६ मिनेट ४५ सेकेन्ड निकाले। उनी पहिलोपल्ट विजेता भएका हुन्।




थापाथलीस्थित कान्तिपुरको मुख्यालय सेन्ट्रल बिजनेस पार्कबाट शुरु भएको कान्तिपुर हाफ म्याराथन दौड माइतीघर मण्डला, बानेश्वर, तीनकुने, कोटेश्वर, जडिबुटी, लोकन्थली गठ्ठाघर, थिमी, सल्लाघारी चोकबाट फन्को लगाएर, कोटेश्वर, तीनकुने, बानेश्वर, मण्डला माइतीघर हुँदै सेन्ट्रल बिजनेस पार्क आएर टुंगिएको थियो।

आर्मीकै राजन रोकाय दोस्रो भए। उनले १ घन्टा ७ मिनेट ५५ सेकेन्ड लगाए। बागलुङ घर भई भारतीय सेनामा कार्यरत तीर्थ पुन तेस्रो भए। उनले १ घन्टा ९ मिनेट १८ सेकेन्डमा दौड पूरा गरेका थिए। पुरुषतर्फ आर्मीको वर्चस्व हुँदा खड्काबहादुर खड्काले १ घन्टा ९ मिनेट २९ सेकेन्ड र गजेन्द्र राईले १ घन्टा १० मिनेट ५२ सेकेन्डबाट क्रमशः चौथो र पाँचौं भए। गत वर्ष एपीएफका गोपीचन्द्र पार्कीले उपाधि जितेका थिए।

महिलातर्फ राजपुराले उपाधि रक्षा गरिन्। गत वर्षकी विजेता पुलिसकी राजपुरा १ घन्टा १९ मिनेट १६ सेकेन्डबाट विजेता भएकी हुन्। उनले गत वर्ष १ घन्टा १९ मिनेट ६ सेकेन्ड लगाएकी थिइन्। पुलिसकै राममाया बुढा दोस्रो भइन्। उनले १ घन्टा २३ मिनेट ०७ सेकेन्ड लगाइन्। एपीएफकी पुष्पा भण्डारी १ घन्टा २४ मिनेट ३१ सेकेन्डबाट तेस्रो, पूर्णराज्य लक्ष्मी न्यौपाने १ घन्टा २६ मिनेट २३ सेकेन्डबाट चौथो र गीता बिक १ घन्टा २९ मिनेट ३६ सेकेन्डबाट पाँचौं भए। हाफ म्याराथन पुरुष र महिला दुवैका विजेताले जनही १ लाख पाउने पुरस्कार पाए। दोस्रो हुनेले ५० हजार, तेस्रो हुनेले ३० हजार, चौथो हुनेले २० हजार, पाँचौं हुनेले १० हजार र छैटौं हुनेले ५ हजार पाएका छन्।

कान्तिपुर हाफ म्याराथनअन्तर्गत रमेश खत्रीले ह्विलचियरतर्फ उपाधि जितेका छन्। ३ किलोमिटर दुरी उनले ७ मिनेट २६.७४ सेकेन्डमा पार थिए। थापाथलीस्थित कान्तिपुर पब्लिकेशन्सको कार्यलय अगाडिबाट सुरु भएको ह्विलचेयर रेस, थापाथली, माइतीघर मण्डला फन्को लगाएर पुनः सेन्ट्रल बिजनेस पार्कमै गएर टुंगिएको थियो। दान थिङ दोस्रो भए। गत वर्ष तेस्रो भएका उनले ७ मिनेट ३५ सेकेन्ड लगाए। उनी आर्मीका बास्केटबल खेलाडी हुन्। रामकाजी मिजार तेस्रो भए। उनले ८ मिनेट ५२.८४ सेकेन्डबाट दौड पूरा गरे।

महिलातर्फ ऐश्वर्या कुमाल विजेता भइन्। उनले १० मिनेट ९.७८ सेकेन्डमा दौड पुरा गरिन्। पूर्वविजेता यामकुमारी झाँक्रीमगर दोस्रो र पेमा छोक्पा गुरुङ तेस्रो भए। यामकुमारीले १० मिनेट ५१.०७ सेकेन्ड र पेमाले ११ मिनेट २५.१० सेकेन्डमा दौड पुरा गरेका थिए। ह्विलचेयरतर्फ पहिलोदेखि तेस्रो स्थान हात पार्नेले क्रमशः ३० हजार, २० हजार र १० हजार रुपैयाँ पुरस्कार पाए।

विकेश घिमिरे र सुनिता महर्जन कर्पोरेट रनतर्फ विजेता बने। ५ किलोमिटर दूरी विकेशले १४ मिनेट ३६.३ सेकेन्डमा पूरा गरेका हुन्। सुनीताले २३ मिनेट २३.९० सेकेन्डमा पूरा गरिन्।

पुरुषतर्फ १४ मिनेट ४६.७ सेकेन्डबाट विकास पोखरेल दोस्रो भए र १५ मिनेट ००.६ सेकेन्डबाट अनिश लामा गुरुङ तेस्रो भए।

महिलातर्फ विनिता महर्जनले २३ मिनेट ३०.२९ सेकेन्डबाट दोस्रो र एलिना श्रेष्ठले २६ मिनेट ०७.४९ सेकेन्डबाट तेस्रो भए।

पुकारजंग बस्नेत र सुसन कार्कीले कान्तिपुर हाफ म्याराथनको कलेज रन जितेका छन्। ७ किलोमिटर दूरी पुकारले २४ मिनेट ४७ सेकेन्डमा पूरा गरे। सुसनले निर्धारित दूरी २७ मिनेट २९.५६ सेकेन्डमा पूरा गरिन्। पुरुषतर्फ २४ मिनेट ५३ सेकेन्डबाट रिम बुढामगर दोस्रो र २५ मिनेट ३० सेकेन्डबाट समिप थुलुङ राई तेस्रो भए। महिलातर्फ निशम हाङ सुब्बाले ३१ मिनेट ०७.५० सेकेन्डबाट दोस्रो र मिनिशा पन्तले ३२ मिनेट १८.४२ सेकेन्डबाट तेस्रो भए। कलेज रनतर्फ पहिलो दोस्रो र तेस्रो हुनेले केएफसीबाट फुड गिफ्ट भौचर पाए भने कर्पोरेटतर्फ विजेतालाई केएफसी र ह्याम्स हस्पिटलको तर्फबाट गिफ्ट ह्याम्पर प्रदान गरिएको थियो।

प्रतियोगितामा कलेज रन पहिलो पटक राखिएको आयोजकले जनाएको छ। यसमा १८ वर्षमाथिका विद्यार्थीले दौडिएका थिए।

# प्रकाश दाहाल स्मृति बक्सिङ असारमा

**काठमाडौं/मस–** प्रकाश दाहाल स्मृति पुरुष तथा महिला राष्ट्रिय बक्सिङ प्रतियोगिता असार तेस्रो साता हुने भएको छ। अखिल नेपाल खेलकुद संघको आयोजनामा असार १७ देखि २० गतेसम्म काठमाडौंको बुढानीलकण्ठमा तेस्रो संस्करणको प्रतियोगिता आयोजना गर्न लागिएको हो।




प्रतियोगितामा ओलम्पिक तौल पुरुषतर्फ सात र महिलामा ६ तौल समूहमा प्रतिस्पर्धा हुने प्रतियोगिताका संयोजक एवं नेपाल बक्सिङ संघका वरिष्ठ उपाध्यक्ष अर्जुनबहादुर केसीले शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए। प्रतियोगितामा पुरुषतर्फ ५१, ५७, ६३, ७१, ८०, ९२ र ९२ केजीमाथिको तौल समूहमा प्रतिस्पर्धा हुनेछ। यस्तै महिलामा ५०, ५४, ५७, ६०, ६६ र ७५ केजी तौल समूहमा प्रतिस्पर्धा हुनेछ। नेपाल बक्सिङ संघको प्राविधिक सहयोगमा आयोजना हुने प्रतियोगितामा तीन विभाग र सात प्रदेशका खेलाडीले प्रतिस्पर्धा गर्ने संयोजक केसीले जानकारी दिए। उनले हरेक तौल समूह र महिला तथा पुरुषतर्फका उत्कृष्ट खेलाडीलाई आकर्षक पुरस्कार प्रदान गरिने बताए। उनले पुरस्कारका बारेमा पछि विस्तृत रुपमा जानकारी दिने बताए।

कार्यक्रममा नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले, बक्सिङ संघका पूर्व अध्यक्ष राजीव श्रेष्ठ, उपाध्यक्ष किरणबहादुर श्रेष्ठ, केन्द्रीय सदस्य तथा प्रवक्ता श्याम अवाले, केन्द्रीय सदस्य मानबहादुर भण्डारी, प्रनिर अधिकारी, अखिल नेपाल खेलकुद संघका पदाधिकारी, विभिन्न राजनीतिक दलका प्रतिनिधि, खेलाडी, प्रशिक्षक र बक्सिङप्रेमीको उपस्थिति रहेको थियो।


## मिर्चैया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मिर्चैया, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### प्राविधिक प्रस्ताव आशायको सूचना

**प्रकाशित मितिः–२०८०/०२/०७**

यस कार्यालयबाट मिति २०७९/०९/२५ गतेको प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र E–Bid मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन २०७८ सहित) को नियम ३१ (ङ) को उपनियम ४ बमोजिम सारभुत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोहि नियममावलीको नियम ३१ (ङ) को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | कार्यको विवरण | सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|
| 02-MM-NCB -BRIDGE WORKS-2079/80 | Construction of Double Span (50m) RCC Bridge in Bataha Khola. | 1. Ajay Construction, Lahan-06, Sirha | 2080/02/14 (May 28, 2023) at 13:00 Place:- Mirchaiya Municipality Office of the Municipal Executive Mirchaiya |

**प्रमुख प्रशासकीय अधिकृत**


६ पेजको बाँकी...


| | | | |
|---|---|---|---|
| २९. | **हरेन्द्र राउत कुर्मी**<br>**ना.प्र.नं. : १५८८/२७२६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा।<br>बाबु : स्व. नारायण राउत कुर्मी<br>बाजे : पहलु राउत कुर्मी<br>ठेगाना : भगवानपुर-०२ , हाल सिम्रौनगढ -२ बारा।<br>शाखा कार्यालय : विरगंज<br>कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा | **चिन्ता देवी कुर्मीन**<br>**ना.प्र.नं. : ३३१०१८/९५१०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>पति : हरेन्द्र राउत कुर्मी<br>ससुरा : स्व. नारायण राउत कुर्मी<br>ठेगाना : भगवानपुर-०२ , हाल सिम्रौनगढ -०२ बारा। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१८<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMKW3022893<br>च्यासिस नं. – MBX0002JFWK735184<br>दर्ता नं. – प्र.२.०३-००१ह३७८ |
| ३०. | **दुढाली महरा**<br>**ना.प्र.नं. : १४०९/१९५४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा।<br>बाबु : टइट महरा<br>बाजे : राजपत महरा<br>ठेगाना : खोपवा-०२, हाल मुरकीपालीया -०३ बारा।<br>शाखा कार्यालय : वीरगंज<br>कर्जा शीर्षक : सवारी कर्जा | **मन्जु देवि चम्इन**<br>**ना.प्र.नं. : ३३३००७/१७१०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा।<br>पति : दुढाली महरा<br>ससुरा : टइट महरा<br>ठेगाना : खोपवा-०२, हाल मुरकीपलिया -०३ बारा।<br>**अमित पटेल**<br>**ना.प्र.नं. : ३४-०१-७३-०३८९६**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा।<br>पति : राम कुमार<br>ससुरा : जगदिस प्रसाद कुर्मी<br>ठेगाना : वीरगंज-१७, हाल वीरगंज-१४, पर्सा। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१८<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMHW3020135<br>च्यासिस नं. – MBX0002JFWH701295<br>दर्ता नं. – ना २ ह ५३७८ |
| ३१. | **विश्वनाथ चौधरी थारु**<br>**ना.प्र.नं. : १९२३/०२२३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा।<br>बाबु : बाबुलाल चौधरी<br>बाजे : शिवनारायण चौधरी<br>ठेगाना : पथरा-०१बारा,हाल बारागढी - ०४ बारा।<br>शाखा कार्यालय : वीरगंज<br>कर्जा शीर्षक : सवारी कर्जा | **शीला देवी चौधरी**<br>**ना.प्र.नं. : ३३३०१४/३७९३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>पति : विश्वनाथ चौधरी थारु<br>ससुरा : बाबुलाल चौधरी<br>ठेगाना : पथरा-०१ बारा, हाल बारागढी- ०४, बारा।<br>**अजय कुमार साह**<br>**ना.प्र.नं. : १८२०६९/१३३०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी।<br>बाबु : बलराम प्रसाद साह<br>बाजे : हरिनारायण साह<br>ठेगाना : गौशाला-०७ महोत्तरी, हाल बीरगंज -१८ पर्सा। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१८<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMJW3022115<br>च्यासिस नं. – MBX0002JFWJ722023<br>दर्ता नं. – ना २ ह ४३९९ |
| ३२. | **निसार अहमद**<br>**ना.प्र.नं. : १६/२६९२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु।<br>बुबा : अब्दुल मन्नान मुसलमान<br>बाजे : कल्लु मुसलमान<br>ठेगाना : बहादुरगंज-०७, हाल कृष्णनगर-८ कपिलवस्तु।<br>शाखा : गोरुसिङ्गे<br>कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा | **खुस्मुदा खातुन**<br>**ना.प्र.नं. : ३८०२०६६००७११**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु।<br>पति : निसार अहमद<br>ससुरा : अब्दुल मन्नान मुसलमान<br>ठेगाना : बहादुरगंज-०७, हाल कृष्णनगर-८ कपिलवस्तु।<br>**कलिम अहमद मुसलमान**<br>**ना.प्र.नं. : ३८०२०६६००४९८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु।<br>बाबु : निसार अहमद<br>बाजे : अब्दुल मन्नान मुसलमान<br>ठेगाना : कृष्णनगर-०८ कपिलवस्तु। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१८<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMJW3021168<br>च्यासिस नं. – MBX0002JFWJ711310<br>दर्ता नं. – लु १ ह २०७१ |
| ३३. | **उमर मोहम्मद जोलहा**<br>**ना.प्र.नं. : ३/१०४०२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही।<br>बुबा : अनवर अलि जोलहा<br>बाजे : हैतुल्ला जोलाहा<br>ठेगाना : सियारी-०३, रुपन्देही।<br>शाखा : कोटिहवा<br>कर्जा शीर्षक : सवारी कर्जा | **रेहाना खातुन जोलहा**<br>**ना.प्र.नं. : ३७१०३२/९९९८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही।<br>पति : उमर मोहम्मद जोलहा<br>ससुरा : अनवर अलि जोलहा<br>ठेगाना : हर्नैया -०८, हाल सियारी-०३, रुपन्देही। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१८<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMHW3020824<br>च्यासिस नं. – MBX0002JFWJ709152<br>दर्ता नं. – लु १ ह २४९४ |
| ३४. | **टेक वहादुर थापा**<br>**ना.प्र.नं. : १३८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, डडेलधुरा<br>बाबु : कर्ण वहादुर थापा<br>बाजे : परिमल थापा<br>ठेगाना : जोगवुडा-०१, डडेल्धुरा हाल शुक्लाफाँटा-०८, कञ्चनपुर।<br>शाखा कार्यालय : महेन्द्रनगर<br>कर्जा शीर्षक : डि एस एल रिक्सा कर्जा | **दुरा देवी थापा**<br>**ना.प्र.नं. : ७४१०१२/१२१५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा<br>पति : टेक वहादुर थापा<br>ससुरा : कर्ण वहादुर थापा<br>ठेगाना : जोगवुडा-०१, डडेलधुरा हाल शुक्लाफाँटा-०८, कञ्चनपुर। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१८<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMJW3022289<br>च्यासिस नं. – MBX0002JFWJ724351<br>दर्ता नं. – म १ ह १२९९ |
| ३५. | **गगी राम कामी**<br>**ना.प्र.नं. : ७५१००५/४१४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर<br>बाबु : दत्त राम कामी<br>बाजे : भजी राम कामी<br>ठेगाना : झलारी-०२, हाल शुक्लाफाँटा-०७,कञ्चनपुर।<br>शाखा कार्यालय : महेन्द्रनगर<br>कर्जा शीर्षक : डि एस एल रिक्सा कर्जा | **गिता कामी**<br>**ना.प्र.नं. : ७५-०१-७५-०२२५०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कन्चनपुर<br>पति : गगिराम कामी<br>ससुरा : दत्त राम कामी<br>ठेगाना : शूक्लाफाँटा-०७, कन्चनपुर। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१८<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMJW3022025<br>च्यासिस नं. – MBX0002JFWK729742<br>दर्ता नं. – म १ ह १३७१ |
| ३६. | **दिप वहादुर रावत**<br>**ना.प्र.नं. : ७५१०१५/२४०७९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर<br>बाबु : तुले रावत<br>बाजे : सकुने रावत<br>ठेगाना : रौ वि -०९,हाल बेलडाडी-०५, कञ्चनपुर।<br>शाखा कार्यालय : महेन्द्रनगर<br>कर्जा शीर्षक : सवारी कर्जा | **निर्मला कुमारी बुढा**<br>**ना.प्र.नं. : ७०३०१६/४१**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाजुरा<br>पति : दिप वहादुर रावत<br>ससुरा : तुले रावत<br>ठेगाना : आटीचौर-०२, हाल बेलडाडी-०५ कन्चनपुर। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१८<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMCV3015774<br>च्यासिस नं. – MBX0002JFVC612988<br>दर्ता नं. – म १ ह १३५० |
| ३७. | **अन्तराम लुहार**<br>**ना.प्र.नं. : ७५-०१-६९-०५८४९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर।<br>बाबु : धन बहादुर लुहार<br>बाजे : साहु लुहार<br>ठेगाना : देखतभुली-०४ कञ्चनपुर , हाल शुक्लाफाँटा-१२ कञ्चनपुर।<br>शाखा कार्यालय : महेन्द्रनगर<br>कर्जा शीर्षक : डि.एस.एल रिक्सा कर्जा | **दिपा लुहार**<br>**ना.प्र.नं. : ७५-०१-७३-०६३३१**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कन्चनपुर<br>पति : अन्तराम लुहार<br>ससुरा : धन बहादुर लुहार<br>ठेगाना : देखतभुली-०४ कन्चनपुर, हाल शुक्लाफाँटा-१२, कन्चनपुर। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१९<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMJW3021611<br>च्यासिस नं. – MBX0002JFWK732492<br>दर्ता नं. – म १ ह १४३० |
| ३८. | **कमल प्र. पण्डित**<br>**ना.प्र.नं. :७५६९८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर।<br>बाबु : कृष्ण लाल पण्डित<br>बाजे : नन्द राज पण्डित<br>ठेगाना : रा.वि-४, हाल बेलौरी-१०, कञ्चनपुर।<br>शाखा कार्यालय : महेन्द्रनगर<br>कर्जा : विपन्न वर्ग कर्जा (किस्तावन्दी) | **कृष्णादेवी पण्डित**<br>**ना.प्र.नं. : ६८२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर।<br>पति : कमल प्रसाद पण्डित<br>ससुरा : कृष्ण लाल पण्डित<br>ठेगाना : रा.वि-४, हाल बेलौरी-१०, कञ्चनपुर। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१७<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMGV3009370<br>च्यासिस नं. – MBX0002JFVG489694<br>दर्ता नं. – म १ ह ५९२ |
| ३९ | **कमला घर्ती क्षेत्री**<br>**ना.प्र.नं. : ३९-०१-६९-०८२५०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पाल्पा<br>पति : हुम बहादुर घर्ती क्षेत्री<br>ससुरा : दान बहादुर घर्ती क्षेत्री<br>ठेगाना : ताहुं-०३, पाल्पा हाल सिद्धार्थनगर वडा नं. ०४, रुपन्देही।<br>शाखा कार्यालय : भैरहवा<br>कर्जा : लघुवित्त कर्जा | **हुम बहादुर घर्ति क्षेत्री**<br>**ना.प्र.नं. : २७९६८**<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, पाल्पा<br>बाबु : दान बहादुर घर्ति क्षेत्री<br>बाजे : वेन बहादुर घर्ति क्षेत्री<br>ठेगाना : ताहुं-०३, पाल्पा हाल सिद्धार्थनगर वडा नं. ०४, रुपन्देही। | निम्न अनुसारको सवारी साधनः रिक्सा<br>ठेगाना – नक्सा सिट<br>कम्पनी – PIAGGIO<br>बनेको साल – २०१८<br>मोडल – APE CITY<br>ईन्जिन नं. – TBPEMJW3021652<br>च्यासिस नं. – MBX0002JFWK732507<br>दर्ता नं. – लु १ ह २२६१ |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्तिहरु (सवारी साधन) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियारप्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।

२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (सवारी साधन) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ।

४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (सवारी साधनहरु) वा कुनै एक अलग-अलग रुपमा खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।

५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।

६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।

७. रीतपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (सवारी साधन) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।

९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।

१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।

११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।

१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१३.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पूनश्च** : उल्लिखित ऋणी/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थानः**
**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८०/०२/२१ गते र बोलपत्र खोलिने मितिः २०८०/०२/२२**
**समयः दिनको : ४:०० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
७ जेठ २०८०, आइतबार
21 May 2023, Sunday

# सरकारको नीति तथा कार्यक्रममा उद्योगी व्यवसायीको सकारात्मक प्रतिक्रिया

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ६ जेठ ।

सरकारले आगामी वर्षका लागि संघीय संसदमा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उद्योगी व्यवसायीहरुले सकारात्मक प्रतिक्रिया दिएका छन् । उद्योगी व्यवसायीका दुई ठूला संगठन उद्योग वाणिज्य महासंघ र नेपाल चेम्बर अफ कमर्सले नीति तथा कार्यक्रममा आफ्ना माग समेटिएको बताएका छन् । त्यस्तै नेपाल समुद्रपार निकासी पैठारी संघ र अटोमोवाईल्स एशोसिएशन अफ नेपाल (नाडा)का अध्यक्षले पनि नीति तथा कार्यक्रम सकारात्मक रहेको र मुख्य विषय बजेट हेर्नुपर्ने बताएका छन् ।









महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नीति तथा कार्यक्रममा समावेश गरिएका विषयमा बजेटमार्फत कसरी सम्बोधन हुन्छ त्यो हेर्न बाँकी रहेको बताए । उनले महासंघले दिएका विषय जस्तै निजी क्षेत्रलाइ अर्थतन्त्रको मुख्य साझेदार मानेकामा खुसी व्यक्त गरेका छन् ।

नेपाल चेम्बर अफ कमर्सले अर्थतन्त्रको आन्तरिक अवस्था जोखिमपूर्ण अवस्थामा आएको नीति तथा कार्यक्रम परिणाममुखी हुने विश्वास लिएको छ । चेम्बरले नीति तथा कार्यक्रमले उठाएका विषयलाई बजेटमार्फत सम्बोधन गर्नुपर्ने बताएको छ ।

नीति तथा कार्यक्रमले आंशिकरुपमा भए पनि निजी क्षेत्रका माग भने सम्बोधन गरेको चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले बताए । उनले भने, 'निजी क्षेत्रले उठाएका केही माग सम्बोधन भएका छन्, उत्पादनमुखी कार्यक्रम, औद्योगिक विकास र सार्वजनिक निजी साझेदारी अवधारणालाई प्रभावकारी बनाउने गरी नीति कार्यक्रम कार्यान्वयन गर्न आवश्यक छ ।'

अटोमोवाईल्स एशोसिएशन अफ नेपाल (नाडा)का अध्यक्ष ध्रुब थापाले नीति तथा कार्यक्रमले सबै विषयलाई समेटेको तर बजेटलाई हेरेर मात्रै नाडाले प्रतिक्रिया दिने बताए । 'समग्रमा हेर्दा नीति तथा कार्यक्रमलाई सकारात्मक नै भन्नुपर्छ, बजेट हेरेपछि मात्रै प्रतिक्रिया जनाउन सकिन्छ', अध्यक्ष थापाले भने ।

त्यस्तै, नेपाल समुद्रपार निकासी पैठारी संघका अध्यक्ष बिनोदकुमार सेठियाले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम राम्रो रहेको बताएका छन् । तर, अध्यक्ष सेठियाल नीति तथा कार्यक्रम अनुसार बजेट नआउने गरेको बताए । त्यसैले बजेटलाई हेरेर प्रतिक्रिया दिन सकिने बताए ।

'नीति तथा कार्यक्रम हेर्दाखेरी एकदमै राम्रो छ, तर कार्यान्वयन कसरी गर्ने त्यो विषयमा बोलिएको छैन, त्यो पनि त आउनुपर्थ्यो नी', उनले भने, ' पारदर्शी व्यवसाय गर्ने, राजस्व चुहावट रोक्ने जस्ता विषयमा हामीले पनि समर्थन गर्छौं, धेरै ठूलो स्किम बनाउन भन्दा सानो बनाएर कार्यान्वयन गर्दा राम्रो हुन्छ ।'

# व्यक्ति र पार्टीभन्दा माथि उठेर काम गरिरहेको छु : अर्थमन्त्री डा. महत



**काठमाडौं/रासस** – अर्थमन्त्री डा प्रकाशशरण महतले प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिसँग अर्थतन्त्रको पछिल्लो अवस्था र सूचकका बारेमा आज छलफल गरेका छन् । उनले नेपाली उद्योगी व्यवसायीलाई 'प्रमोट' गर्नेजस्ता कुरालाई आउँदो बजेटमा प्राथमिकता दिने र बढीभन्दा बढी नेपाली उद्योग तथा व्यवसायलाई प्रवर्द्धन गर्ने नीतिमा क्रियाशील रहने बताए । अर्थमन्त्री डा. महतले भने, 'ज्ञानलाई सम्पूर्णरुपमा उपयोग गरेर 'सिस्टम'मा भएको समस्यालाई धकेल्ने हो, समस्यालाई कसरी धकेलेर बाहिर निकाल्ने हो भन्ने कुरामा सबै जानकार हुनुहुन्छ ।'

छलफलमा उनलाई सांसदहरुले वर्तमान अर्थतन्त्रका बारेमा विभिन्न जिज्ञासा राखेका थिए । सांसदहरुको प्रश्नको जवाफमा डा. महतले भने, 'स्वदेशमा अवसर छैन भने विदेशमा गएर आफ्नो उन्नति गर्ने ढोका बन्द गर्नु हुँदैन, तर हामी नेपालमै अवसर सिर्जना गर्दै लैजाने हो, यो कुरालाई हामीले प्राथमिकतामा राख्नुपर्छ, यसमा दुई मत छैन, युवाको क्षमता छ, देशभित्रै प्रयोग हुनुपर्छ भन्ने मान्यतालाई हामी प्राथमिकतामा राख्छौं ।'

उनले देशभित्र उत्पादन कसरी बढाउने भन्ने कुरालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । उनले भने, 'नेपालमा अहिले जुन उद्योग व्यवसाय छ, त्यसमा धेरैजसो हाम्रो 'भ्यालु एडसिन' कम छ, हामी चाहन्छौं, यो भ्यालु एडिसन ज्यादाभन्दा ज्यादा देशभित्र नै होस् भन्ने कुरा प्राथमिकतामा रहन्छ ।'

अर्थमन्त्री महतले अर्थतन्त्रको सुधारका लागि आफ्नो ज्ञान र अनुभवलाई उपयोग गर्ने, ठूलो स्वरमा कुरा नगर्ने प्रतिवद्धता व्यक्त गरे । 'सुधारको आवश्यकता छ, यसलाई इमान्दारिका साथ काम गर्छु, तर दुई महिनाभित्र मेरो ज्ञान र अनुभव उपयोग गरेर सारा समस्या सफाचट हुन्छ म भन्दिन, अवश्य पनि नीति कार्यक्रममा क्रमशः सुधार गरिने छन्, धेरैजसो यसपाली गरिनेछ, कतिपय कुरा क्रमशः गरिँदै लगिनेछ ।' विकास निर्माणको काम र योजनामा कार्यान्वयनमा नै मूल चुनौती देखिएको जनाउँदै उनले आर्थिक वर्षको नौ महिनापछि स्रोत उपलब्ध गराइदिनुपर्‍यो भनेर आउने प्रवृत्तिलाई निरुत्साहित गरिएको बताए ।

उनले भने, 'पुँजीगत खर्च, राजस्व परिचालनले गुणस्तरीय उत्पादन हुन्छ कि हुँदैन भन्नेमा मेरो सम्पूर्ण ध्यान केन्द्रित हुनेछ, मैले आफ्नो 'टिम'मा यी कुरा बलियोसँग राखेको छु, सिस्टमबाट आएका कुरा ठीक छन कि छैनन् भनेर सबै कुरा दिनरात हेरिरहेको छु, यहाँ राजनीतिक दल यो वा त्यो भनेर हेरेको छैन, यहाँ देश र जनताको कुरा छ, म व्यक्ति र पार्टीभन्दा माथि उठेर काम गर्छु ।' राजस्व घटेको स्थानमा आफूले हेरिरहेको उल्लेख गर्दै उनले भने, 'अहिले राजस्व कम उठ्यो, त्यही आधारबाट माथि उठेर हामीले कामको सुरुवात गरेका छौं, त्यसलाई हामी सुधार गर्छौं, यति गर्दागर्दै पनि यो आर्थिक वर्षमै गति लिएर ३५-४० प्रतिशत बढी राजस्व उठाउन सक्छु भन्ने अवस्था छैन ।'

वैदेशिक ऋणले हाम्रो अर्थतन्त्रलाई सहयोग पुगेको छ कि छैन ? यसको समीक्षा हुन जरुरी रहेको उनको भनाइ छ । सो सन्दर्भमा समीक्षा गरेर आवश्यकताअनुसार ऋण ल्याउन पनि आजको भोलि नै सम्भव नभएको उनको भनाइ छ । उनले भने, 'यसको पनि सीमा छ, योसँगै हामीले खर्च गर्ने क्षमता पनि देखाउन आवश्यकता छ, हाम्रो साँवा र ब्याज एकदमै बढ्दै गएको छ, भूकम्पका बेलामा लिएको ऋणको पनि भुक्तानी भइसकेको छैन, ऋण भुक्तानीमा हामीले ध्यान केन्द्रित गर्न थाल्यौ भने साधारण र पुँजीगत खर्चमा दबाब सिर्जना हुन्छ ।'

उनले आफ्नो क्षमता र योग्यताले भ्याएसम्म प्रणालीमा देखिएको समस्या समाधान गर्न प्रयत्नरत रहने बताए । उनले अवरोध पन्छ्याउँदै स्पष्ट मार्गचित्र कोर्न इमान्दार र समर्पणका साथ काम गर्दै जाने उल्लेख गरे । बैठकमा सांसदहरु सूर्यबहादुर थापा, पदम गिरी, डा. स्वर्णिम वाग्ले, विराजभक्त श्रेष्ठ, ज्ञानेन्द्र शाहीलगायतले अर्थमन्त्री डा. महतसँग अर्थतन्त्रको पछिल्लो अवस्थाका बारेमा जिज्ञासा राखेका थिए ।

# आइएमई ईण्डियाको नयाँ शाखा भारतको राजधानी नयाँ दिल्लीमा




**काठमाडौं/मस** - आइएमई इण्डियाले भारतको राजधानी नयाँ दिल्ली स्थित कनॉट प्लेस-बार्हखम्बा रोडमा नयाँ शाखा विस्तार गरेको छ । बिहीबार आयोजित कार्यक्रममा भारतका लागि नेपाली राजदुत डा. शंकर प्रसाद शर्माले सो शाखा उद्घाटन गरेका हुन् ।

आइएमई इण्डियाले नयाँ शाखा मार्फत विदेशी मुद्रा सटही र आईडीएफसी बैंक सँगको सहकार्यमा इण्डो-नेपाल क्रस बोर्डर मनी ट्रान्सफरको सेवा उपलब्ध गराउने छ । शाखा उद्घाटन गर्दै राजदुत डा. शंकर प्रसाद शर्माले नयाँ दिल्ली सहरको मुटु रहेको कनॉट प्लेसमा नयाँ कार्यालय शाखा खोलेकोमा आइएमई इण्डियालाई बधाई दिँदै नयाँ शाखा मार्फत हुने कारोबारले दिल्लीमा रहेका नेपाली र भारतीयहरुलाई रेमिट्यान्स सेवा तथा इण्डो-नेपाल क्रस बोर्डर मनी ट्रान्सफर गर्न मद्दत पुग्ने विश्वास लिएको बताएका छन् ।

सो अवसरमा आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकालले यो सेवालाई भारतका अन्य क्षेत्रमा पनि विस्तार गर्दै लैजाने योजना रहेको बताए । यसबाट भारतमा रहेका नेपालीहरुलाई सुरक्षित तथा छिटो रकम पठाउन सहयोग पुग्ने पनि प्रबन्ध निर्देशक ढकालले उल्लेख गरे । शाखा विस्तार समारोहमा दिल्ली स्थित नेपाली दूतावासका उच्च अधिकारीहरु र आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल सहित आइएमई इण्डियाको सञ्चालक समितिका पदाधिकारी तथा व्यवस्थापनका उच्च अधिकारी सहित सो क्षेत्रमा रहेका नेपालीहरुको समेत उपस्थिति थियो ।

चट्याङको समयमा
सतर्क रहौं ।

चट्याङबाट बच्ने उपाय :

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

## मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**मेलम्ची, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०२/०७**

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ६२ क. र यस नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा १३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मेलम्ची नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०८०/०८१ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ३१ (औं) दिनको १२:०० बजे भित्र E–bidding मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| क्र.सं. | बोलपत्र नं. | ठेक्काको विवरण | आ.व. ०८०/८१ को लागि निर्धारण गरिएको उत्खनन्/बिक्री परिमाण (घ.फि.) | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर सहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | MMSI/2080-81/01 | ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | ३,२५,२७,५७०.८२ (तीन करोड पच्चिस लाख सत्ताइस हजार पाँच सय सत्तरी दशमलब बयासी) | ३३,०८,०५,३९५।२३ (अक्षरुपी तेत्तिस करोड आठ लाख पाँच हजार तीन सय पन्चानब्बे रुपैयाँ पैसा तेइस मात्र) | कूल कबोल अंङ्को ५% ले हुन आउने धरौटी रकम वा १५० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | २०,०००।- |

**थप जानकारी**

धरौटी खाता नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३००००००३००००००००१
आन्तरिक राजस्व खाता नेपाल बैंक लि. मेलम्ची स्थित आन्तरिक राजस्व खाता नं. १६८०३००००००१००१००००००१
ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरु मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np र PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Download गर्न सक्नुहुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**